जीवित देवी

अनुवादक

कृष्णप्रकाश श्रेष्ठ

नेपाल राजकीय प्रज्ञा-प्रतिष्ठान

जीवित कुमारी
र
जीवनचक्र

(नेपालयात्राको दैनन्दिनीबाट)

काव्य

लेखक

रसुल हम्जातोभ

रसियनबाट अनुवादक

कृष्णप्रकास श्रेष्ठ

काठमाडौं

२०५२/१९९५

प्रकाशकः नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान
कमलादी काठमाडौं ।

प्रथम संस्करणः वि. सं. २०५५
प्रतिः ११००
मूल्य रु. ३९/–

आवरणः नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान

मुद्रकः लक्ष्मी छापाखाना
यट्खा, काठमाडौं
फोन. २-५९०५२

प्रकाशकीय

नेपाल अधिराज्य भनेको विभिन्न वर्ण, जातजातिसमूहको साझा फूलबारी भएर रहेको छ । यहाँ विभिन्न रङ्गको मनोहारी फूलहरू ढकमक्क भएर फुलेझैं गरी काव्य, साहित्य, संस्कृति, कलाका वगैंचामा पनि विभिन्न भावधारा, विभिन्न वैचारि दार्शनिक चिन्तनधारा बोकेको काव्य-साहित्यले कलाका सुन्दर फूलहरू फुलेका छन् । यिनै विभिन्न भावधारा र चिन्तनधारा लिएर काव्य-साहित्यसाधनामा लागेका कवि साहित्यकारहरूले आफ्नाआफ्ना ठाउँबाट आफ्नै शैली, आफ्नै अभिव्यक्तिको सुवास फैलाएर अनेकतामा पनि एकताको रङ्ग घोलेर नेपाली काव्य-साहित्य-कलाका रसिक पाठकलाई परितृप्ति दिने प्रयास गरिरहेका छन् ।

नेपाल राजकीय प्रज्ञा-प्रतिष्ठानको मूल उद्देश्य पनि यस्तै विभिन्न रङ्ग र रूपका सांस्कृतिक एकता र बास्ना लिएर फुलेका राष्ट्रभाषा नेपाली र अरू राष्ट्रिय भाषाका काव्य-कलाकुसुमलाई चुनेर यसको रस र बास्ना देशभित्र र बाहिर फैलाउँदै देशको साहित्य, कला, संस्कृतिको भण्डारलाई समृद्ध तुल्याउनुरहेको छ साथै यसैमार्फत साहित्यका प्रबुद्ध र रसिक पाठकहरूलाई परितृप्ति पनि तुल्याउनु रहेको छ ।

वर्तमान प्रजातान्त्रिक अभ्यासका परिप्रेक्ष्यमा त राष्ट्रका विविध कला, संस्कृति र साहित्यलाई राष्ट्रको अक्षुण्णता राखी अखण्ड, सुदृढ, शान्त र सुन्दर नेपालका रूपमा यहाँका विविध सामाजिक परम्परा र संस्कृति मात्र होइन चिन्तनधारालाई पनि निष्पक्षहरूमा एक सूत्रमा गाँस्ने प्रयत्न गर्नु पनि यसको कर्तव्यक्षेत्रभित्र पर्न आउँछ । यिनै उद्देश्यहरूको परिपूर्ति गर्ने क्रममा परिषद्ले आजपर्यन्त नेपाली वाङ्मयलाई आफ्नो क्षमताले भेटेसम्म प्रकाशित गर्दै आएको छ र अब पनि गर्दै जानेछ ।

यसै अभिलाषित उद्देश्यको पूर्तिका लागि नेपाली सांस्कृतिक पृष्ठ-भूमीमा रुसी कवि श्री रशुल हम्जातोभद्वारा रचित काव्यको श्री कृष्ण प्रकाश श्रेष्ठद्वारा नेपाली भाषामा गरिएका पद्यानुवाद 'जीवित कुमारी र जीवन चक्र' शीर्षक काव्य पुस्तक प्रकाश गरी पाठकहरूका हातमा अर्पण गरेका छौं। श्री कृष्ण प्रकाश श्रेष्ठ धेरै लामो अवधी देखि रुस महादेशमा स्थायी रूपमा बसोवास गरी नेपाली साहित्यको रुषी भाषामा र रुसका उत्कृष्ठ साहित्यको नेपाली भाषामा अनुवाद गर्दै आफ्नो देशको साहित्य संस्कृतिको विकास संवर्धन कार्यमा ठूलो योगदान पुऱ्याउँदै आउनुभएको छ। अत प्रस्तुत काव्य पुस्तिकाबाट नेपाली पाठकहरूलाई हाम्रो आफ्नै आफ्नै सांस्कृतिक जीवनलाई विदेशी रचनाकारका आँखा कसरी हेरिंदोरहेछ भन्ने कुराको यथार्थ अनुभूति पाउना साथै विदेशी लेखनको ज्ञानका साथै काव्य रसा स्वादन पनि गर्न सक्षम हुनुहुनेछ भन्ने आशा र विश्वास लिइएको छ। अस्तु।

नेपाल राजकीय प्रज्ञा-प्रतिष्ठान
कमलादी

प्राक्कथन

रसियाली सङ्घअन्तर्गत ककेसियाली गणतन्त्र दाघेस्तानमा बसोवास गरिरहेका आभार जातिका सुपुत्र रसुल हम्जातोभ नै यस्ता पहिला रसियाली कवि हुन् जसले हाम्रो देश नेपालको विषयवस्तुमा आधारित काव्यकृतिहरूको रचना गरेर आफ्नो मातृभाषामा मात्र नभई रूसीभाषामा समेत छपाएका छन् । सन् १९६३ को ग्रीष्मयाममा सर्वप्रथम नेपाल अधिराज्यको यात्रा-भ्रमण गर्ने रसियाली साहित्यकारहरूको त्रिसदस्यीय प्रतिनिधिमण्डलको एक सदस्यको हैसियतले उनी पहिलोपल्ट नेपालमा गएका थिए ।

दागेस्तान पनि नेपाल जस्तै पहाडी प्रदेश हो र यहाँ बोलिने विभिन्न भाषाहरूमध्ये आभारभाषाले चाहिं अन्तरजातीय भावाभिव्यक्तिको माध्यमको रूपमा समेत काम गर्दछ । यसै भाषामा कवि रसुल हम्जातोभ आफ्ना कृति-हरूको रचना गर्दछन्, तर रूसीभाषाको माध्यमबाट उनले विश्वव्यापी प्रसिद्धि प्राप्त गरेका छन् । यसरी उनले आभार जातिको साहित्यलाई रूसमा मात्र होइन कि विश्वभरि नै प्रख्यात तुल्याइदिएका छन् भन्नु अत्युक्ति हुँदैन ।

रसियाली साहित्यकारहरूको शिष्टमण्डलको नेतृत्व गर्दै रसुस हम्जातोभले सन् १९८३ तिर तेस्रोपल्ट नेपालको यात्रा गरेका थिए । यस-प्रकार दुई दशकको अन्तरमा तीनपटक नेपालको यात्रानुभूतिबाट उत्प्रेरित दाघेस्तानी कविको लेखनीबाट "जीवित देवी – कुमारी" र "जीवनचक्र" शीर्षकमा दुई काव्यकृतिहरू निःसृत हुन पुगेका थिए । मूलतः आभारभाषामा

रचिएका उक्त काव्यकृतिहरूलाई रसियाली अनुवादकद्वय – कवयित्री युलिया नेइमान तथा कवि याकोभ खेलेभ्स्कीले रूसीभाषामा रूपान्तरित गरेका थिए । उपर्युक्त दुवै काव्यकृतिहरू **जीवनचक्र** भन्ने साझा शीर्षक लिएर सन् १९८५ मा मास्कोबाट प्रकाशित हुने साहित्यिक पत्रिका **नयाँ संसार(नोभी मीर)**को अङ्क ६, पृष्ठ ३ – २५ मा झुल्केका थिए ।

रसुल हम्जातोभका कृतिहरूमा लोकसाहित्य र आधुनिक विश्व-साहित्यको मनोरम समन्वय भएको पाइन्छ । आफ्ना कविताहरूमा उनी यस्तो चिरन्तन भाव पोख्तछन् जुन संसारको जुनसुकै कुनामा बस्ने मान्छेको निम्ति पनि बोधगम्य हुन्छ । दागेस्तानी कविको भावाभिव्यक्तिको किञ्चित् परिचय नेपाली पाठकहरूसमक्ष पुऱ्याउने उद्देश्यले उनका नेपालविषयक उपर्युक्त काव्यकृतिहरू आफूले प्रथमपटक पढेकै समयमा नेपालीमा अनुवाद गर्ने अठोट गरेको थिएँ र केही अंशको रूपान्तरण समेत गर्न थालेका थिएँ । तर समय कति छिटो बित्दो रहेछ ... आज उक्त काव्यकृतिहरू रूसीभाषामा प्रकाशित भएको एक दशकपछि मात्र नेपालीहरूको हातमा सुम्पन्न तम्सेको छु । **जीवनचक्र** शीर्षकको प्रस्तुत पुस्तकमा **जीवित देवी – कुमारी** र **जीवनचक्र** दुवै काव्यकृतिहरूका अनुवाद समाविष्ट छन् र नेपाली पाठकवृन्द-बाट यसको स्वागत हुने आशा राखेको छु ।

दागेस्तानी कविले आफ्नो पहिलो गद्यकृति **मेरो दागेस्तान** (मास्को, इ. सं. १९६९) मा नै नेपालयात्राको आफ्नो प्रथम अनुभूतिको अभिलेख संक्षेपमा गरेका थिए । एक ठाउँमा उनले अंशत: लेखेका थिए– "नेपालका बौद्ध मन्दिरहरूमा पनि म दागेस्तानको सोचमा डुबेको हुन्थें । नेपाल यस्तो हीरा हो जुन अझै कुँदिएका छैन । त्यस देशमा स्वास्थ्यप्रद जलका बाइस धारा प्रवाहित छन् । तर म आफ्नो दागेस्तानलाई नेपालसित दाँज्न सक्तिनँ, किनभने दागेस्तानको हीरालेकाँचलाई कुँदेर चम्काइसकेको छ .." (पृष्ठ ८९४) । उनको यस भावाभिव्यक्तिको छाप नेपालविषयक उपर्युक्त काव्यकृतिहरूमा पनि परेको पाइन्छ ।

केही वर्षअघि एकपटक मास्कोको केन्द्रमा रहेको साहित्यकार भवनमा रसुल हाम्जातोभसँग मेरो ठाडो साक्षात्कार भएको थियो र नेपालको विषय-वस्तुमा अनुपम काव्यकृतिको रचनाको लागि मैले काव्यकारलाई नेपालीहरूको तर्फबाट समेत हार्द धन्यवाद-ज्ञापन गर्दै आफूले नेपालीभाषामा तिनको

अनुवाद गर्न चाहेको कुरा पनि अवगत गराएकों थिएँ । काव्यकारले हात मिलाउँदै अनुवादको लागि मौखिक स्वीकृति पनि प्रदान गरेका थिए । तर आजभोलि भन्दा-भन्दै अनुवादको वामेसराइ निकै लम्बियो र मास्कोवाट निकै टाढा आफ्नो जन्मथलोमा बस्ने कविसित मैले फेरि भेटघाट गर्ने मौका पाइनँ । तसर्थ काव्यकारवाटै सम्मतिका एक-दुई हरफ यहाँ प्रस्तुत गर्न नपाएकोमा थकथकी लागेको छ र यसको लागि क्षमाप्रार्थी पनि छु । हाललाई नेपालविषयक काव्यका रचनाकारको संक्षिप्त परिचयमा मात्रै सीमित रहन चाहन्छु ।

आफ्नो काव्यात्मक प्रतिभाद्वारा ककेसियाको एक अल्पसङ्ख्यक जन-जातिको प्रतिष्ठालाई उच्च चुलीमा पुऱ्याउने विख्यात कवि रसुल हम्जातोभको जन्म सन् १९२३ मा दाघेस्तानको त्सादा भन्ने एउटा सानो पर्वतीय गाउँमा भएको हो । उनका पिता हम्जात त्सादास पनि जनकविको रूपमा ख्यातिप्राप्त थिए । शिक्षक-शिक्षण-संस्थावाट स्नातकको डिग्री प्राप्त गरिसकेपछि रसुल हम्जातोभ एउटा स्कूलमा अध्यापक बन्न पुगेका थिए, तर पछि उनले आभार-थिएटरमा काम पाए । त्यसैताका उनले स्थानीय पत्र-पत्रिकाहरूमा लेख र कविता छपाउन थालेका हुन् । उनका पहिला कविता-हरू सन् १९३७ मा प्रकाशित भएका थिए ।

कविप्रतिभाले उनलाई मास्को साहित्य संस्थानमा पुऱ्यायो । त्यहाँ उनले लब्धप्रतिष्ठ कविहरूलाई आफ्नो गुरुको रूपमा मात्र नभई मित्रको रूपमा पनि पाए । त्यसै समयदेखि आभारभाषामा लेखिएका उनका कविता-हरूले रूसीभाषामा पुनर्जन्म पाउन थालेका थिए । हाल उनका कैयौं कृतिहरू विश्वका विभिन्न भाषाहरूमा छापिएका छन् । अहिलेसम्म ४०–५० वटा कृतिहरू रूसी तथा आभारभाषामा प्रकाशित भइसकेका छन् । आफ्नो कृतित्वको लागि उनी समाजवादी श्रमवीरको उपाधिद्वारा विभूषित छन् र उनले भूतपूर्व सोभियत सङ्घका उच्चतम साहित्यिक पुरस्कारहरू – लेनिन पुरस्कार तथा राजकीय पुरस्कार पनि प्राप्त गरेका छन् ।

रसुल हम्जातोभको स्वीकारोक्ति अनुसार उनका पिताले आफ्नो जीवनकालमा सम्पन्न गरेको सबभन्दा लामो यात्रा आफू जन्मेको दाघेस्तानकों पहाडी गाउँबाट रूसको राजधानी मास्कोसम्मको यात्रा नै थियो । स्वयम् उनले चाहिं संसारमा झन्डै सबै देशहरूको यात्राभ्रमण गरेका छन् । नेपालले

त उनलाई मोहनी नै लगाएको प्रतीत हुन्छ । उनले २० वर्षको अन्तरालमा तीनपल्ट नेपाल अधिराज्यको यात्रा मात्र गरेको नभई नेपालको विषयवस्तुमा अनुपम काव्यकृतिहरूको समेत रचना गरेर हाम्रो देशप्रतिको आफ्नो काव्यात्मक भावोद्गारको अजसुधारा पनि बगाएका छन् र वास्तवमा नेपालीहरूको अन्तस्तलको ढोका समेत घचघच्याएका छन् । नेपालविषयक उनका काव्यकृतिहरूको अनुवाद पाठकहरूका हातमा पुऱ्याउन पाउँदा मलाई निकै हर्षको अनुभव भइरहेको छ ।

नेपालीमा रूसी लगायत अन्य विदेशी भाषाका साहित्यिक कृतिहरूको अनुवादको अभाव सर्वबाट अनुबोध भइरहेकै तथ्य हो । यहाँ त हाम्रो मातृ-भूमिबाट निकै टाढा रूसमा एक भावुक कविहृदयबाट नेपाली विषयवस्तुमा रसियाली साहित्योद्यानमा जुन काव्यपुष्प फक्रेको छ त्यो झर्न नपाउँदै सहर्ष टिपेर त्यसको किञ्चित बास्ना देशवासीहरूसमक्ष पुऱ्याउने सानो प्रयास मात्र भएको छ । प्रस्तुत अनुवादको गुणस्तरको विवेचना भविष्यमा विज्ञ पाठकवृन्दबाट हुने नै छ र प्रतिक्रिया तथा सुझावको प्रतीक्षा पनि गरिनेछ । सहृदय पाठकहरूको माया पाइएको खण्डमा रूसी वाङ्मयका केही बिरुवा-हरू नेपाली साहित्योद्यानमा ओसार्ने मेरो चिरकल्पनाले मूर्त रूप लिँदै जानेछ । अस्तु ।

कृष्णप्रसाद श्रेष्ठ

रूस, मास्को ११७४२१
लेनिन्स्की प्रोस्पेक्ट, ९९–५०३
३० मार्च १९९५/१६ चैत्र २०५१

प्रथम काव्य

जीवित देवी – कुमारी

(१)

जहाँ भारतको संगै प्राचीन भू छ आश्रय,
माथा सगरमा ठाडो पार्छ शुभ्र हिमालय
एभरेस्ट[1] चुलीतुल्य सर्वोच्च गर्विलो शिर,
पाउमा त्यसका रम्य देखिन्छन् भव्य मन्दिर ।।

सेताम्य तिब्बती क्षेत्रतर्फ पर्वतशृङ्खला,
मानौं पुलाउले पूर्ण छन् अग्ला गिरि–खँड्कुला ।
गङ्गातट, जहाँ तप्त भूमिमा, फींजमा पनि
सुनिन्छ निरवच्छिन्न सुरिलो मङ्गलध्वनि ।।

सजाई पहरा–पाखो पारी चिटिक्क सुन्दर
टाँस्छ नेपाल सर्वत्र स-साना शङ्ख झैं घर ।
एसियाको चमत्कार, झन् अचम्म अझै छ यो
करोडौं देवदेवीको निवास्थान रहेछ यो ।।

---

[1] टिप्पणी पुछारमा वर्णानुक्रमअनुसार दिइएको ।

आकाशमुनि सर्वत्र यहाँ ती वस्तछन् सब,
नामको सम्झना राख्नु कहाँ हुन्छ र सम्भव ?
कहीं छन् प्रेमका देव, कहीं छन् करुणामय,
कहीं भर्ता, कहीं हर्ता – दुःख, दैन्य, पीडा, भय ।

रातका देवता चन्द्र, दिनका देव भास्कर,
दयाका देवता ऽऽ सौम्य, क्रोधका छन् भयङ्कर ।
आगोका देवता अग्नि, हावाका वायुदेवता,
वृष्टिका देवता इन्द्र, माटोका भूमिदेवता ।

छन् नाचगानका देव, छन् देव मध्यपानका,
बग्दो छ मदिराधारा विवेकसित ध्यानका ।
प्रचण्ड प्रेमका देव – उग्र उन्मत्त भैरव,
देवताहरू सर्वज्ञ अन्तर्यामी यहाँ सब ।

विष्णु औ कृष्णका गीत अथवा शिवकै स्तुति,
आध्यात्मिक अहो ! भावपूर्ण औ माधुरी कति !
सुनें मैले त्यहाँ धेरै पौराणिक अनुश्रुति,
सबैको भावना बुझ्न असमर्थ थिएँ अति ।

किन्तु शास्त्रार्थको माझ यस्तो तर्कवितर्कमा,
अबोधगम्य औ विलष्ट चर्को वादविवादमा,
मैले जीवित देवीको सुनें एक कथानक –
विदीर्ण मन यो हुन्छ मेरो, हाय ! अझैतक ।

'सुप्रभात !' – उनैलाई कामना गर्छु भोरमा,
'शुभरात्रि !' – म बिस्तारै खुस्खुसाउँछु रातमा ।
मायालाग्दी, निकै सानी, धराकी कलिलो मुना,
जून झैं चम्किलो नानी, हो किंवा ज्योतिकै टुना !

वर्णनातीत त्यो रूप – हो कि दिव्योपहार नै
उन्कै सौन्दर्यको गाथा गाउँछन् आरसी स्वतः ।
तिमीले पर्न नपरोस् कुदृष्टिमा अनिष्टका ।
सदा होस् शुभ, हे देवी ! कुमारी ! दिव्य बालिका !

(२)

कुमारी – फूलकी थुङ्गा, रोजिएकी बिनी – बिनी,
असङ्ख्य फूलको माझ कोपिला नै हुँदा पनि ।
विश्व यो अहिले जो छ पाप औ तममण्डित,
फैलाई ज्ञानको दीप्ति होला फेरि प्रज्वलित ।

कुमारी – हलुका पन्छी, चमत्कारमयी चरी,
जो खान्छ एकले कावा विशाल नभमा उडी ।
पृथिवीभरिका मान्छे झुकेर धरणीतक
देवीका सामु धर्तीको होऊन् तो नतमस्तक ।

कुमारी – सक्कली हीरा, चम्किलो हारको मणि ।
झिक्यो नेपालले लाखौं ढुङ्गा पन्छाउँदै खनी ।
अलङ्कारसरी यो छ मूल्यवान् निधि देशको,
चम्कनेछ सदा काल छातीमा यो हिमालको ।

कुमारी – यो दिए दर्जा अद्वितीय उनी हुँदा,
अबोध बालिकालाई सानै उमेरकी छँदा ।
पाएको छैन धर्तीमा कुनै शासकले अझ
दैवी शक्ति-सुसम्पन्न यस्तो गौरव पद !

कुमारी – बालिकानिम्ति काष्ठमण्डपकै[2] उता
निर्माण गरियो भव्य कुमारीघर[3] एउटा ।
परन्तु कोही सक्तैन मेट्न किञ्चित वेदना
शिशुको मनमा न्यानो छरेर मृदु सान्त्वना ।

कुमारी ! हर्घडी तिम्रो गर्छ नेपाल चिन्तन,
नदेखोस् कहिल्यै कोही रक्तबिन्दु भनीकन ।
सुरक्षा गर्दछन् तिम्रो दिनमा, अनि रातमा,
देखिन्न रक्तको थोपा तिम्रो स्निग्ध शरीरमा ।

कुमारी ! छ्यौ तिमी चोखी अकल्मष सुधासरी,
भेडाबथानमा सेती पाठी झैं अतिसुन्दरी ।
दुष्टको सासको हावाबाट छ्यौ मुक्त नै अतः
तिम्रो सौन्दर्यमा आँच परेको छैन किञ्चित ।

सक्तैनन् द्वेष औ क्रोध भयभीत तुल्याउन,
तिम्रो आनन्द औ सुखलाई चट्ट मिटाउन –
जबसम्म तिमी हुन्छ्यौ झोलुङ्गे गीतको लय,
कोकोसाथि झुकी आमा गाउँछिन् जुन निर्भय...

धर्मको मामला बुझने धर्मवेत्ता म होइनँ ।
साक्षात्कार हुने स्वप्न कहिल्यै पनि देखिनँ ।
बिपनामै भयो भेट... झुल्केछ एक मन्दिर,
मैले जीवित देवीकै पाउँ दर्शन आखिर ।

(३)

बुद्धिवन्त महाज्ञानी शुभ सौम्य हिमालय...
अनेक वर्ष...या कैयौं शताब्दीतक, शायद ? –
मान्छेहरू तिमीतर्फ भए आकृष्ट, प्राक्तन
गूढ रहस्यको पर्दा खोल्ने इच्छा लिईकन ।

हेर्न, माथि त्यहाँ के छ छोपिएको क्षितिजमा ?
पूरै खोतल्न औ घुस्न अज्ञात सारतत्त्वमा ।
तिम्रो जीवनशैली र नौलो रीतिस्थिति, प्रथा
स्पष्ट यथार्थमा देख्न चमत्कारमयी कथा !

तीर्थयात्रीहरू पुण्य काआवा–धामतर्फ[4] झैं,
मान्छेहरू हिंडेका छन्...किन्तु यो हिंड्छ मित्र झैं ।
कोही हिंडिरहेका छन् लूटपाट गरीकन
बीटसम्म पुरै भर्न आफ्नो सन्दूसमा धन...

हिंडे ज्ञानार्थ कोही ता, कोही धर्मार्थ नै हिंडे,
कोही सुदूर यात्रामा स्वार्थप्रेरित भै हिंडे,
साथमा सुसमाचार बोकेर पादरी हिंडे,
सौदागिरी हिंडे...तिन्को पछि सैन्यहरू हिंडे ।

लमक्क लम्कँदै कोही हिंडे हात्ती चढकीन ..
हे नेपाल ! क-कस्ले पो गरेनन् र पदार्पण ?
भद्र – भलादमी कँयौं टाँसिएथे हिमालमा
झिंगा भन्केसरी मानौं गरीबीग्रस्त देहमा ।

रोकिदिन्छ यहाँ कस्ले ती लोभीहरूको पथ,
तगारो बन्छ को छेक्न तिन्को लालसको रथ ?
देवताहरूले ?...तो छन् नेपालभरिमा कति !
गाह्रो पर्दछ तिन्लाई निकाल्न सर्वसम्मति !

हे ऽऽ नेपाल ! पहाडी त्यो तेरो बाटो छ दुर्गम !
हो, तँबाट भयो पार भूलोक र जहन्नुम ।
भो, पुग्यो । ... लेख्न लागेको हैन यो इतिहास म,
नसोध ? ग्रन्थ नै लेख्छु लेखनी यो लिएर म !

थाहा पाउन चाहन्छु म ता केवल कारण,
हे नेपाल ! त्यतातर्फ भएँ आकृष्ट नै किन ?...
सम्झना यत्तिकै हुन्छ – पिताजीले कुनै दिन
देखाए ग्रन्थ छालाको बस्ताबाट झिकीकन ।

कवि थिए उनी, अग्लो बक्सी प्रस्तर–पेटिमा,
स्नेहपूर्वक राखेर केटो रासुल[5] साथमा,
बताए उनले नौलो कथा भारतवर्षको,
उच्चारण गरी मातृभाषा आभार जातिको[6] ।

कानको नजिकैबाट उडेनन् शब्द तीं सब,
सके मोहित नै पारे मलाई तिनले, जब
डोऱ्याए तिनले आफूतर्फ लाएर चुम्बक,
पुऱ्याए दूरवर्ती यी रम्य स्थानहरूतक ।

डाँडा ?... पहाडवासीको निम्ति आश्चर्य के छ र ?
के दागेस्तानको[7] डाँडा त्यत्तिकै छैन सुन्दर ?...
अहँ, आएँ यहाँ बाटो लामो पार गरीकन,
आत्माकै तीव्र आकांक्षाद्वारा प्रेरित भैकन ।

अवश्यमेव नेपाल आविष्कार म गर्दिनें ।
उहिले नै गऱ्यो उस्ले आविष्कार स्वयंकन ।
परन्तु काठमाडौंको[8] सुरम्य उच्च झ्यालमा,
आत्माको निम्ति मेरो त्यो आविष्कार भयो नयाँ ।

पैलो पल्ट नभै, तेस्रो पल्ट त्यो झ्यालमुन्तिर
उभिएर पुकारेथें : देऊ दर्शन सत्वर !
हे देवी ! तिमीं झैं कोही छैन यो पृथिवीभरि,
विश्वकी बालिकामध्ये तिमी छ्यौ सर्वसुन्दरी !

प्रतीक्षा गर्छु . तत्काल रातो जामा झिलिक्क भो,
औ देखें चम्किलो ज्योति लाम्चिला दुई नेत्रको ।
झुल्क्यो झ्यालबिचै दिव्य कुमारीको मुहार त्यो –
झल्क्यो झलक्क ज्योत्स्ना त्यो बालिका, शिशु, देविको ।।

सललल्ल बगेजस्तै सुनौला मत्स्य-सुन्दरी...
झलमल्ल भयो सारा प्रकाश विश्वमा परी ।
शिशुको मृदु मुस्कान अनन्त सुखदायि छ,
त्यस्को अभावमा विश्व उजाड अनि शून्य छ ।।

(४)

हे नेपाल ! तँ होस् स्तम्भ – धर्ती–आकाश–सङ्गम,
झोमोलुङमा[७] चुली पुग्ने मार्ग झैं अति दुर्गम ।
स्वर्ग चढ्ने त्यहाँ अग्ला खुड्किला छन् हिमालमा...
हे नेपाल ! तँ छस् ज्यादै अगम्य देश विश्वमा ।।

सम्झना छ मलाई त्यो पहिलो भेटको दिन,
देखेथें जब नेपाल ! तेरा दुर्भेद्य प्राङ्गण ।
दुर्ग झैं गहिरा खोंच, भिराला गिरीगह्वार
जहाँ सुसाउँदै बग्छन् खोलानाला निरन्तर ।।

अँगाली करले चट्ट पवित्र जलको घडा
नेवार्नी महिला ठाडो गोरेटोमै थिइन् खडा ।
मुसुक्क मुस्कुराएर छर्कन्थिन् भूमिमा जल,
प्रचण्ड राप गर्मीको पार्दै तत्क्षण शीतल ।।

किन्तु सुक्खा थियो भूमि – कठोर, प्यासपीडित,
त्यस्को रङ्ग थियो खैरो मरुभूतुल्य निश्चित,
धर्मभीरु जहाँ जान्छन् सदाको निम्ति निर्जन
पापमुक्त हुने लक्ष्य एकमात्र लिईकन ।।

आकाशतर्फ फैलन्छन् ताडका पातको कर,
मंन्त्रणा स्वर्गको गर्छन् केराका पात फर्फर –
'बर्साऊ जलको धारा ! तिर्खाएको छ भूतल !'
किन्तु आश्चर्य हो, मौन थियो आकाश–मण्डल ।।

जलप्रपात...छन् धारा यहाँ वाइस रूजन ।
पुग्ने त्यहाँ कसोरी हो ? विश्वास गर्दछन् जन :
सुखी हुन्छ त्यही जस्ले तिन्को पाउँछ दर्शन ।
हे नेपाल ! सुखी के छस् ! ...कस्तो तेरो छ आर्जन ?

यहाँ नेपालमा गाउँघरनेरै असङ्ख्यक
देवदेवी बसेका छन् मिलेर शान्तिपूर्वक ।
आगन्तुक र स्थानीय देवदेवी समान झैं,
भेदभावविना मान सबैको हुन्छ उत्तिकै ।

हे नेपाल ! तँ छस् ज्यादै अबोधगम्य वस्तुतः
तँसंग पहिलोपल्ट मेरो यो भेट हैन त ?...
हीरा नकुँदिएको तँ ! पर्ला के व्यर्थ मिल्कन ?
टल्काउनु छ बाँकी नै गरेर परिमार्जन ।

जे होस्, सौभाग्य हो मेरो, हे नेपाल ! यहाँ पुनः
तेरो अग्लाइमा पाएँ गर्न फेरि पदार्पण ।
म तेरो राजधानीको केन्द्रमा पुग्छु आखिर,
म फेरि शिशु-देवीको उभिन्छु ध्यालमुन्तिर...

'नेपाल — विश्वको छाना !' – कसैको उक्ति यो थियो ।
गुन्ज्यो वाक्य यहाँ मेरो कानमा आज फेरि यो ।
विश्वको छत्र – नेपाल ! मेरो छ अभिवादन ?
छानाको उच्चता नाघ्ने के होला र प्रयोजन ?

आगन्तुक ! लगाऊ लौ पोशाक ठाँटिईकन !
गुन्जेको छ सबैतर्फ लय सङ्गीतको, सुन !
आज उत्सव हो ठूलो – रानीको जन्मको दिन !
जताततै छ तैयारी जन्मोत्सव मनाउन ।

भयों दर्बारमा राजदूतकै हाजिर,
सुनियो ब्याण्डबाजाको धून औ तोपको स्वर...
दुवैतर्फ बसे राजकुमारहरू मेचमा,
महारानी थिइन् सिंहासनारूढ समक्षमा ।

सयौं बाच्छाईबाजाको सुनिन्छ वाद्यवादन,
दायाँ – बायाँ सबैतर्फ हुन्छ सङ्गीत–गुञ्जन ।
बढाइँ तोपको हुन्छ सलामी दिनखातिर,
"रानीको जय होस् !" – व्याप्त हर्षोल्लास सबैतिर !

नाच देखाउँछन् घेरा लगाई नर्तकीहरू,
गीतको तालमा बज्छन् आङका घँगलाहरू ।
काँचका बज्दछन् चूरा नाडीमा, हुन्छ रम्झम,
गोडामा पनि बाला झैं गर्छन् नूपुर छम्छम ।

झ्याली औ मुरली बज्छन् समवेत सुमङ्गल,
रङ्गीचङ्गी पछ्यौरी औ सारी झल्कन्छ झल्झल !
औ मेरो मेचको आसपास चक्र घुमेसरी,
विभिन्न रूपका घुम्छन् मुखुन्डो मात्र बेसरी !

मुखुन्डो मात्र देखिन्छन् सर्वत्र...अन्य चेहरा
देखिन्छन् कहिले प्रायः तामा औ सुनकै पुरा ।
मुन्द्री झुन्डिरहेको छ केटोको नाकमा पनि ।
आश्चर्य ! नाकमा उसको पारियो किन प्वाल नि ?

सिङ्गै खानी छ तामाको मानौं त्यो महिलांसित,
टल्कन्छ वक्षमा झल्ल, न्यानो छर्दै छ प्रोज्वल !
मेरै प्रदेशको ज्यादै हिसीदार र सुन्दरी
कारीब[10] गाउँका हाम्रै आभार[11] नारिकै सरी ।

मसाई सम्झना हुन्छ आफ्नो जन्मथलो स्वतः
डाँगे कुकुरको झुन्ड हुरिंदा युद्धमा रत ।
हूबहू घरमा हाम्रै, ओतारामै [12] कतै पर
हुन्जाहा[13] नजिकै प्यारो आफ्नै जन्मथलोतिर ।

मल्लयुद्ध यहाँ हुन्छ, त्यहाँ त्यो लक्ष्यभेदन
तानेर धनुमा ताँदो छोडिन्छन् वाण तत्क्षण,
फतक्क भुईंमा खस्छे निष्प्राण रूखकी चरी,
मानौं झुत्रो लुगातुल्य वा सुकेको झिंजासरी !

खेलाडी तारमा हिंड्ने ?...तिन्को छैन कमी यहाँ ।
सम्मानित छ यो खेल उत्तिकै, रमिता यहाँ ।
अग्निकुण्ड बनाएर बालिन्छ पर्वमा धुनी,
पाइनेछन् यहाँ धेरै चमत्कारीहरू पनि ।

ठूला घन्टहरू बज्दछन्, सुनिन्छ नाद घन्घन !
मानौं परीकथामा झैं दृश्य झल्कन्छ रङ्गीन !
औ मेरो मेचको आसपास चक्र घुमेसरी,
विभिन्न रङ्गका घुम्छन् मुखुन्डा मात्र बेसरी !

घुम्छन्, आकाशमा पर्छ आँखाको केन्द्र–सङ्गति,
लयसंगै मिलेको छ यसरी तिनको गति !
हे मण्डल ! – तँ होस् बिम्ब भारतीय पुरातन –
अनन्त चक्र यो तेरो घुमेको देख्छु फन्फन...

मखुन्डो ! ... वीर ओस्काल[14] – पराक्रम असीमित !
हुन सक्छ, त्यही खड्ग समातेको थियो कि त,
जस्ले नेपालको नाम गरेथ्यो गौरवान्वित ? –
हो उम्दा खुकुरी यातागान[15] नेपालको अतः ।

धारिलो छ निकै लाग्ने नेपाली खुकुरी त्यही,
जस्ले मिति पुऱ्याउँछ एक्कै आघातमा यहीं ।
मार हान्दा उजाएर एक्कासि छ्याक्क पार्छ है !
राँगाको टाउकोलाई धडबाट छिनाल्छ है !

किन्तु साँढेहरूको छ अर्कै भाग्य यतातिर,
छैन गाईहरूलाई अकाल मृत्युको डर !
पवित्र जीव हो गाई नेपाल अधिराज्यमा,
गाई - संरक्षिता, पूज्या, सम्मान्या यस देशमा...

... सँगिनीहरूको पङ्क्ति घुम्छ नाचेर फन्फन,
दीपको लहरे माला झल्ल टल्कन्छ काञ्चन...
नाडीमा बज्दछन् चूराहरू झन्केर झन्झन्,
गोडामा बज्दछन् बालातुल्य नूपुर छन्छन ..

अहो ! ज्यादै हिसीदार नर्तकीहरू माझमा,
आँखा नै तिमिरी पार्ने तिन्को सौवर्ण ज्योतिमा,
ताराको बीचमा चन्द्र झिलिक्क झुल्किएसरी
झुल्किदेलिन् यहाँ दिव्य कुमारी - सर्वसुन्दरी !

तर उनी यहाँ छैनन् ... सर्वत्र अन्धकार छ ।
ऐनामा झ्यालमा उन्को अँध्यारो तम व्याप्त छ ।
मस्तसँग सुतेकी छिन् सके देवी स्वयं पनि,
सुकुमारी निकै सानी बालिका छिन् अझै उनी ।

(५)

... टुङ्गो उत्सवको लाग्यो । बैराम-पर्व[10] शान्त भो,
खेलाबेला र सुस्केरा, नाचगान समेत त्यो...
दुङ्गचान पथमा हिंड्दा आभास हुन्छ बेसरी
टेक्दै झुत्रो गलैंचामा पैतला यो परेसरी ।

दूरका दीपको ज्योति झिलिक्क नेत्रमा पऱ्यो,
भव्य होटलको इयाल प्रकाशमय देखियो ।
कतै होचा हवेली छन् कुनामा स्थिर भै खडा,
देखिए उच्च दर्बार कतै राजकुमारका ।

सुस्तरी अघि लाग्दै छौं, हतारो छैन व्यापक,
देखिन्छ जे जति सारा हाम्रो निम्ति छ रोचक ।
यहाँ मोटरगाडीको निम्ति छन् साँघुरा पथ,
ठाउँ सानो हुँदा हाम्रो 'जील'[17] भोग्दछ आपद ।

गल्ली भई उता बाटो पार गर्नु छ मुश्किल,
गाई पल्टिरहेकी छे लम्पसार परी तल ।
गाडीचालक गाईको सामु भन्दछ सादर :
'गौमाता ! छोडिद्यौ बाटो ! कृपया क्यै उता सर !'

चिटिक्क लहरै पङ्क्ति स-साना घरको त्यहाँ,
टाँसिएका हुनन् मानौं खेलौना भुइँमा, अहा !
त्यसरी नै ठडयाइन्छ दमाहा बलहारमा,[18]
ठोक्छन् ठिटाहरू ताल मिलाई नित्य साँझमा ।

बजारहरूको पङ्क्ति...क्यासिनो छ त्यहाँ पर,
क्यासिनो फेरि – लौ, आऊ ! परीक्षा भाग्यको गर !
देखेयें उहिले मैले दृश्य यस्तै विदेशमा,
सम्झना छ अझै ताजा देखें जो बेहरुटमा[14] ।

थाहा छ क्या थियो पैले ज्यादै रास्रो बजार त्यो,
रूपरङ्ग उडेजस्तो थोत्रो देखिन्छ आज जो ।
भग्नावशेष बाँकी छ, भद्दा कुरूप त्यो पनि,
ख्यातिप्राप्त थियो पैले पेरीस पूर्वको भनी ।

अगाडि पाइला सारौं ... साधुको अखडा त्यहाँ
नदीको धारले ठोक्छ ढुङ्गाको तटमा जहाँ ।
किनारैमा चितामाथि जलाइन्छ कुनै शव,
दन्केको अग्निज्वालामा भस्म भो, हाय ! मानव !

नदीको जलमा सारा खरानी र कसिङ्गर,
टुक्रा औ खबटा आदि पर्याँकिए सट्टै आखिर...
बजार ... भन, कस्को को मात्र पर्दैन नेत्रमा ?
एक्कासि भेट भैहाल्छ पुर्बेली त्यो बजारमा ।

'आउनोस्, लौं, यता !' – सुन्छु रूसी भाषा अचानक,
ओडेस्सामूलको[20] चङ्गा व्यापारी डाँक्छ ग्राहक ।
'रहेछौं देशवासी नै, हौं आफन्त तिमी सके,
हेर लौ, माल सस्तैमा मिलाइदिन्छु हे, सखे !'

पछ्यौरा काश्मिरी उम्दा...थुस्को रङ्गीन हो कि त,
पवित्र जलको धारा, कपडाको छ पर्वत ।
टल्काई चम्किला प्वाँख उडेका छन् चराहरू,
नजीकै – उफ्रँदै खेल्छन् सजीव भिंगिनीहरू ।

तौलन्छन्, नाप्दछन्, भर्छन् किनबेच सरासर,
मोलतोल कतै हुन्छ, चर्काचर्की कतै स्वर ।
बिक्छ जे पनि पैसामा : सुनचाँदी र रेशम,
क्रयविक्रयको वस्तु बन्छ सोमत उत्तम ।

क्रेताहरू यता कस्ता ! भिन्न भिन्न छ ग्राहक !
प्रत्येक व्यक्तिको आँपनै रूप देखिन्छ मौलिक ।
अमेरिकी र फ्रान्सेली – परदेशीहरू अनि,
युवा औ वृद्ध भेट्टिन्छन्, अनि हिप्पीहरू पनि ।

क्या फसाद ! ... सबै उस्तै, रूपरङ्ग समान छ –
पोशाक सबको उस्तै, न कुनै लिङ्गभेद छ ।
अहिले त्यो उता जाने तन्नेरी लाग्छ, हैन र ?
अथवा तरुनी पो हो ? ... हेर, क्यै छैन अन्तर ।

साँगुरो जिन्सको पेन्ट पहिर्छन् अहिले सब,
रङ्गीचङ्गी र झुत्रा छन् कुर्ता उत्ताउला अब ।
नौलो विचारधारामा बग्छन् युवाहरू कता ?
कौडीमा पनि बिक्तैन तिन्को संशयवाद ता !

... झुम्मिए जनता सारा क्यासिनो खेलकक्षमा,
खेलाबेला भयो साम्य बिस्तारै यो बजारमा ।
म हेर्छु ... साँझको बत्ती झयालमा बालियो न वा ?
संझयालमा कुमारीको झुल्क्यो कि त मुहार वा ?

(६)

हे सौम्य बालिका देवी ! चमत्कारमयी चरी !
बचेरा कलिलो स्वर्णपिंजरामा परेसरी ।
सुन्यौ ? ... आए यहाँ आज तिमीसँग बिदा हुन !
जाँदै छु देशमा आफ्नो, लागें म घर फर्कन ।

खडा फेरि भएको छु तिम्रो संझ्याल मुन्तिर,
फेरि अधीर भै गर्छु प्रतीक्षा म यहाँ तल ।
सूर्यकन्या ! तिमी चम्की उज्यालो पार्दछ्यौ नभै !
माछा हौ काठमाडौंकी[21] सुनौमा अति दुर्लभ ?

यी होचा साँगुरा द्वारनेर झिलिक्क आउ ल !
आफ्नो आभामयी दिव्य देखाऊ मुखमण्डल !
प्रतीक शान्तिको, बाल्यकालको बिम्ब उज्ज्वल,
वासन्ती वृक्षको सुखदायी दृश्य समुज्ज्वल !

अप्रैल मासको आरुतुल्य निष्पाप, चञ्चल,
निर्दोष लय झैं मीठो लाग्छ बोली सुकोमल !
अथवा हौ तिमी आलुबखडा मइ मासको –
रातो निक्खर टीका झैं रानीकै पो ललाटको !

खुर्पानीको बियाँतुल्य स्निग्ध छाला छ उत्तम,
रसिलो फल बेरीको जस्तै गाला छ रक्तिम !
निस्की दर्शन द्यौ ! केश जुरो बाँधेर बेसरी,
झुल्कियौ झ्यालमा देवी ! किशोरी ! कल्पना–परी !

किन गछ्यौं ढिलो ? ... चाँडो निस्क बाहिर ,झ्यालमा !
आशाको आँकुरा सुक्ला प्रतीक्षारत चित्तमा...
सके नाराज पो छ्यौं के ? बिराम क्यै भयो कि त ?
तिम्रो बिगार गर्ने पो कसैको आँट भो कि त ?

सुनौला ताजको तिम्रो प्रभामण्डलमा पुनः
प्राचीन किम्बदन्तीको प्राणसंचार भो, सुन !
हे देवी ! ... हेर, कस्तो छ यो उपाधि निरापद !
यस्तो सानो बचेरालै पायो यस्तो यहाँ पद !

निस्क ! निस्क ! खुले खापा झ्यालका पङ्ख झैं जब
झलक्क देखिथिन् ... पर्ख, नजीकै आउँछिन् अब ?
किन्तु तत्काल नै चाल पाई छक्क परें म त !
सधैंभन्दा अलि बेग्लै लागिन् उनी मलाई त !

सुस्केरा झैं लिइन् सास ... ओठमा कम्प देखियो ।
कुमारी ! किन त्यो ऽऽ तिम्रो मुहार रक्तहीन भो ?
के भयो ? सौम्यकी मूर्ति ! व्यर्थमै आत्तियौं किन ?
यति बेचैन औ खिन्न आत्मा तिम्रो भयो किन ?

बालिका ! तिमी छ्यौ मेरो निम्ति रहस्यकी चरी !
म हेर्छु घोत्लेंदै किन्तु सकिन्न बुझ्न क्यै गरी :
कि ता मस्त भई खित्त हाँस्नेछ्यौ अहिले तिमी,
कि ता तत्पर छ्यौ डाँको छोडेर रुन पो तिमी !

फुस्फुसाऊ मनेरै लौ, लचिलो बेत मोहक !
कानेसाउती सुन्नेछु म तिम्रो प्रेमपूर्वक ।
हाँसोको हो कि त्यो झुल्को, वा हो त्यो शीतको कण –
मोती हो कि परेलामा तिम्रो त्यो टल्कने ? भन !

नलुकाऊ कुनै तथ्य, खुलस्त पार निर्भय :
सके स्वप्नहरू तिम्रा नराम्रा खालका थिए ?
उमेरदार हुँ, गर्छु क्रमशः म विवेचना,
तिम्रो म बुझ्न सक्नेछु आत्माको गूढ भावना ।

नथाकीकन गर्नेछु तिम्रो चिन्ता निरन्तर,
हे कान्तिपुरकी[22] देवी ! तिम्रो सन्ताप आखिर
हाम्रो आभार[23] भाषामा अनुवाद गरीकन
आफ्ना मित्रहरूलाई गर्नेछु म समर्पण !

(७)

बालिका दुःखको भार तिमीमा पर्न गो कुनै ...
पुगें म घरमा किन्तु म ता सक्तिनँ बिर्सनै
तिम्रा ती कलिला स्निग्ध ओठमा मृदु कम्पन,
सुरम्य नेत्रमा भित्री दैन्यभावप्रसारण !

यहाँ जन्मथलो दागेस्तानमा[24] रहँदा पनि,
दिनरात सबै वेला, निद्रामा, स्वप्नमा पनि
तिम्रा सन्तप्त प्रेक्षाले विदीर्ण हुन्छ यो मन,
छट्पटिन्छयौ बचेरा झैं मेरो मानसमा पुनः ।

थाहा पाइसकें तिम्रो पीडाको पनि कारण,
तो तिम्रा त्रास आँखामा मैले पढ्न सकें जुन ।
त्यसैले क्रूरतासाथ तिम्रो हृदय किच्दछ,
शूल झैं मुटुमा घोच्ने मनोभय त्यही त छ ।

बुझें मैले : तिमी छैनौ अब निर्बोध बालिका ।
आपनो प्रारब्धको टीका कुमारी ! चाल पाइछ्यौ ।
देवी प्रणय्को शक्ति त्याग्ने आउँछ हे क्षण,
अब थाम्नू छ यो सत्ता तिमीले अरू क्यै दिन ।

जवानी चढ्छ बिस्तारै, नजिकै छ युवापना ।
कोपिसा जब फुल्नेछ बन्नेछ्यौ नवयौवना ।
बिचरी ! तिमीले त्याग्नुपर्नेछ हैम आसन,
देवता पदको तिम्रो नाम काटिन्छ तत्क्षण ।

देवता त कहाँ ? बन्छ्यौ न पत्नी, न त मातृ नै,
पाउँदैनौ यहाँ स्थान मान्छेकै माझमा कुनै ।
बेउली, दुलही, पत्नीबाट प्रवञ्चित बन्नु
हुन्छ्यौ, मन्दिरको ढोका हुँदा बाहिर निःसृत ?

ऐशआरामको सट्टा गर्मी औ शीतको डर ...
भलै सौन्दर्यकै खानी नै होऊ सुन्दरी तर
थिइन् जो पहिले देवी उनै हा ! परिवञ्चित,
बिहे गर्ने पाउँदिनन् उनी अब कसैसित !

कुमारी जो थिइन् पैले हर्ताकर्ता र गर्विली,
धूलोमा घिस्रने गर्थे जस्को सामु सबै मिली,
बन्नेछचौं है बूढीकन्या, त्यस्मा अझ अभागिनी,
धर्तीपुत्री, सबैभन्दा तिम्रो तिक्त छ जीवनी ।

खेदो खन्नेहरू गर्लान् तिम्रो छिःछिः र दुर्दुर,
सुन्नेछचौ पाइलैपिच्छे घुर्की मात्र सबैतिर ।
खोसिनेछ सबै तिम्रो सर्वस्व, नाम नै पनि,
कुमारी पदवी पायौ छोटो स्याद भए पनि ..

चाउरी मुखमा पर्ला वर्ष बित्तै गएपछि,
हिसीदार हुनेछैन कसैको निम्ति त्यो पछि ।
भूतपूर्व कुमारीको वैली जानेछ सम्झना,
बालबच्चाविना प्रेमविना, न्यानोपनाविना ।

(८)

कसको कल्पना यस्तो ? भिक्षुको ? वा नरेशको ?
अनभिज्ञ छु साथै म असमर्थ छु बुझ्न यो ।
पीडा छ वर्णनातीत यसको अर्थ के भन ?
मेरी सानी बचेराको निम्ति यो यातना किन ?

माच्छेको क्रूरताबारे कैयौं दृष्टान्त देखियो,
सबाट त्यो जमानामै शत्रुता पनि जानियो ।
तैपनि दण्ड यो जस्तो डरलाग्दो विदारक
कहीं यी नेत्रले देखन परेन त अझैतक !

ढोकाबाहिर घोक्याई निकाल्छन् यसरी किन ?
जो देवी झैं थिइन् पूज्या, अशुद्ध ठानिइन् किन ?
अभिव्यक्ति उनी गर्न सक्छिन् है अब प्रेमको –
शिशु जन्माउने शक्ति उनको के कसूर हो ?

'प्रेम ! के पाप हो ?' – हैन, प्रेम हो नरको हक !
मेला होउन् सबै आज विश्वका कवि–लेखक,
दिनेछन् तिनले तर्क–वितर्कपछि निर्णय :
विशुद्ध प्रेम झैं उच्च देवता छैन निश्चय ..

ज्यूँदा मान्छेहरू बस्ने सभ्य संसार कुन
पाउला मान्यता यस्तो विवेकहीन कानुन ?
विवाहै नभई, देख्नै नपाई पतिको मुख
स्त्रीले आजन्म नै त्यागनु पर्ने दाम्पत्य सुख ? !

मायालु ! कविता मेरो गर्छ आत्मीय क्रन्दन,
प्रहार रोषको मेरो छ तीक्ष्ण र विलक्षण –
तिम्रा सारा दिदी–बैनी औ तिम्रो निम्ति आखिर
कटुता भोग्न जो बाध्य भएका छन् जुनीभर !

नसुक्दै ओठमा दूध वाग्दान हुन्छ रे त्यहाँ,
कन्यादान गरी दिन्छन् सानै उमेरमा त्यहाँ ।
बिहे हुनु अगावै नै परलोक पुगे वर,
केटीले बाँच्नुपर्ने रे आजन्म पतिबेगर !

निकाल्छन्, जानु नै पर्छ छोडेर माइतीघर,
'के यो भन्दा बढी दुःख विश्वमा अरू क्यै छ र ?'
मैले पनि अहो ! भेटें कैयौं यस्ता अभागिनी
दिल्लीमा, काठमाडौंमा,[24] फाल्छन् ती व्यर्थमा जुनी ।

नेपाल ! देखिए मान्छे सेतो पोशाकमा पनि,
लगाए तिनले मेरा आँखामा दिव्य मोहनी !
किन्तु तत्काल नै थाहा भयो यस्को रहस्य, हाः !
लुगा निखर सेतो हो शोकको चिह्न रे त्यहाँ ।

मान्छेको आयु छोटो छ पहाडी अधिराज्यमा,
सुख जीवनको हुन्छ ज्यादै क्षणिक विश्वमा ।
सुनें, नेपालमा चाँडै वृद्ध मानिन्छ व्यक्ति त्यो,
येनकेन प्रकारेण चालीस वर्ष बाँच्छ जो ।

दोषी हो को ? थाहा छैन ! गर्मीकै दोष हो कि त !
दोषको कि छ सम्बन्ध बाटोकै खतरासित ?
थाहा छ यत्तिकै : चाँडै मर्छन् मान्छेहरू जहाँ,
छिटो हुर्कनुपर्नेछ केटाकेटीहरू जहाँ ...

अतीतका कुरा बन्छन् चमत्कारहरू जति,
पर्खने क्रममा छैन नयाँ जीवनको गति,
मानौं अग्लिरहेका छन् कारखानाहरू पनि
होडबाजी गरी अग्ला, चम्किला ह्यू चुलीमुनि ।

हे नेपाल ! छ विस्तीर्ण भाग्यको परिधि अति,
फेरिदै छ भई फुक्का सारा जीवनपद्धति...
हात्तीको बलले हेर्न, लगाई यन्त्रको बल
तेरो भविष्य-निर्माण गरिनेछ समुज्ज्वल !

हे एभरेस्ट[25] सर्वज्ञ ! मलाई देऊ उत्तर !
आउँदा दिनको लक्ष्य राखेर जोखना गर !
चाहियो किन यो बिघ्न बेउली ऽऽ अविवाहिता ?
बरु शिशुहरूको पो खाँचो देख्दछू हे म ता...

(६)

मलाई मोहनी लायो यस्तो नेपालले किन ?
बाटोले पनि डोऱ्यायो त्यसैतर्फ अहो ! किन ?
देवीको स्थानमा राख्यो उस्ले निर्बोध बालिका,
सके वास्तवमा नै हुन् देवताँ – बालबालिका !

हुन सक्छ, भावीले तिन्लाई जन्मकै दिन
सर्वोच्च लक्ष्यको झीनो चेतना गर्छ अर्पण ? !
भविष्य तिनमै भोलि स्पष्ट आकार पाउँछ,
हेर, भविष्यको रूप कोक्रोमा चल्मलाउँछ !

केटाकेटी – यदि विश्वका ती सोमत हुन् भने
आफ्नो सोमतको सामु जबाफ कसरी दिने ?
आए ती विश्वका सच्चा आनन्ददान खातिर,
अनि हामी ? ... दिने वस्तु शिशुको निम्ति के छ र ?

पत्रिका हातले स्पर्श मात्र गर्दा पनि अलि
स्वाट्ट पल्तिर फाल्नेछौ, आमा ! पोल्दछ त्यो जली ।
यहाँ – आगो, त्यहाँ – आगो, आगैआगो जताततै,
रक्त औ ग्यासको गन्ध ! उल्टी नै हुन्छ झैं कतै ...

गरीबीको परी मार कोही मर्छन् भकाभक,
कसैको सास रोकिन्छ सुर्केनीले अनाहक ।
कोही लडाइँमा मर्छन्, औ कोही बगरे बनी
लड्नेको निम्ति शस्त्रास्त्र बेची बन्छन् स्वयं धनी ।

हाम्रो यो युगको क्रूर व्यापेबाट फुका हुने
होला के विश्वमा कोही उपाय पहिल्याउने ?
देवदेवी ? ... म ता तिम्मा उक्तिको भर पर्दिनँ ..
बाल-बालाहरूले पो गर्लान् कि मार्गदर्शन !?

बालहृदयमा – लाग्छ नवीन मृदु पल्लव,
चमत्कार – यहाँ जन्म लिने प्रत्येक मानव !
किन्तु ती पालुवा जस्तै हुन्छन् कोमल वस्तुतः –
केटाकेटी । ..... अहो ! तिन्को गर्नुपर्छ हिफाजत !

... उमेरदार ! हे मेरा मित्र हो ! ए पिताहरू !
गरेर सरसल्लाह मिली आपसमा बरु
केटाकेटीहरूनिम्ति बनाऊ बालमन्दिर
जेनेभा[26] नगरीको नै केन्द्रमा एक सुन्दर !

विभिन्न देशका कूटनीतिज्ञ बुद्धिमन्तले
सत्यनिष्ठ र निर्दोष चनाखा बालचक्षुले
भव्यता त्यसको देखुन्, नजिकै त्यसको बसी
युद्ध औ शान्तिको प्रश्न सुल्झाउन स्पष्ट आपसी !

सकेन यदि मेलाले भने टुङ्गो लगाउन
डाकुन सल्लाहका लागि केटाकेटीहरूकन !
विश्वास गर ! – भन्नेछन् केटाकेटीहरू सब –
'हुन्न !' – क्षेप्यास्त्र औ गोला नबनाओं कतै अब !

होला विलुप्त सन्त्रास, औ शान्ति छाउला अनि,
हुन्न विस्फोट गोलाको, हुन्न दुर्घटना पनि ।
लिएर काखमा सानो सुरम्य शिशुकल्पना
छर्नेछिन् मृदु मुस्कान कुमारी नवयौवना !

केटाकेटी गरुन् हाम्रो न्यायपूर्वक फैसला,
सुट्ट आमाहरूतर्फ झिम्काई नेत्र चम्किला !
अनि कवि, कुनै वेला महमूदसरी[27] शिर
नयाँ मातृत्वको सामु झुकाओस् नित्य सादर !

दिव्य मण्डल ... फाटेका देखिन्छन् अब बादल,
सूर्यले भूमिमा छर्छ आभा न्यानो र उज्ज्वल ।
सुदूरबाट प्रारम्भ भएथ्यो गीत रोचक,
हुनेछ त्यसको अन्त सुखदायी र मोहक !!

द्वितीय काव्य

जीवनचक्र

(१)

प्रज्ज्वलित भयो ज्योति सूर्यास्तमा बिदाइको,
सुनौला देखियो काँध साँझमा एभरेष्टको[27] ।
घुम्टो बादलको ओढी लुक्यो शुभ्र हिमालय,
किन्तु झन्कार गुन्जन्छ अद्यापि कानमा प्रिय ।।

माथि बालदको पारि आकाश चुम्छ ह्यूँचूली,
साँझ पर्ने जमर्कोमा अँध्यारिदै छ गोधुली ।
जारी छ गीतको रन्को : यस्को तात्पर्य के ? तर
थन्क्याउने अझै वेला भएको छैन पान्डुर[28] ।।

प्राचीन शब्द यो ज्यादै गूढार्थक छ – मण्डल !
कानमा पहिलोपल्ट पऱ्यो नेपालमै तर,
हिमाच्छादित सेताम्य ह्यूँचुलीहरू माझमा,
दुर्लङ्घ्य पहरायुक्त अगम्य अधिराज्यमा ।।

दिव्य संस्कृतभाषाको माधुर्य हुन्छ झङ्कृत,
युगानुयुगको ज्ञान– पुञ्ज यस्मा छ सञ्चित ।
गूढ अर्थ लुकेको छ तीन अक्षरमा कति ?
तीमध्ये एकको मात्र गरौं व्याख्या अलिकति ।।

उकालोपछि ओह्रालो, नागबेली र सम्थर –
सबै मार्गहरूको हो प्रतीक रूप – मण्डल ।
अटूट रूपले भव्य चक्र घुम्दछ फन्फनी
दशै दिशा, तीनै काल, प्रारब्धहरूको पनि ।।

उर्लंदो भेलको तीव्र भुमरीतुल्य – मण्डल,
हुरिएर सबै आत्मसात् गर्दछ महाजल ।
वेगवान् गतिको हो यो आकार दृष्टिगोचर;
चल्छ जीवनमा चक्र नथाकेर निरन्तर ।।

(२)

करोडौं हातको स्पर्शद्वारा चक्र बनाइयो;
गतिको वेगमा वृद्धि हेतु डोलो तुल्याइयो ।
यत्नसाथ मिलाएका पखेटाहरूको क्रम,
भविष्यसँग सम्पर्क जोड्ने हो कि त माध्यम ।।

करोडौं हातको स्पर्शद्वारा निर्मित यो कृति
खूब यत्न गरी प्राप्त भयो पूर्ण परिष्कृति
करोडौं वर्षपर्यन्त घुमोस् चक्र निरन्तर,
मार्गमा गुड्नकै निम्ति छ यो अभ्यस्त आखिर ।।

बाटोमा विघ्नबाधाको नपरोस् गर्न सामना
भनी शिल्पीहरू गर्थे सयत्न नित्य कामना ।
प्राङ्गणको कहिलेकाहीं ठेंडी फुस्कन्छ सत्वर
वा अचानक भाँचिन्छ वेगवान् रथको धुर ।।

आज शिल्पज्ञ ती छैनन्, रहेन तिनको स्मृति,
लगायो युगले फन्को, लामो काल गयो बिती ।
किन्तु आज पनि चिन्ता उत्तिकै छ थियो जति
मेरुदण्ड छँदै सग्लो रोकिन्छ रथको गति ।।

नयाँको पनि अभ्यस्त भैसक्यो हातको कला,
नयाँ शिल्पज्ञले जन्म लिँदै छन् विश्वका ठुला ।
अपसोच ! नयाँ वज्रस्वाँठ औ हरिलठुक
तथापि कहिलेकाहीं देखिँदै छन् अझैतक ।।

चक्रको कार्य हो पार गर्नु बाटो सरासर –
होस् सम्म अथवा चिप्लो, अग्लो–होचो धरातल ।
सुख हुन्छ तथा दुःख दुवै जीवनमार्गमा,
जीतमा गर्वको भाव, विषाद हुन्छ हारमा ।।

चक्रको साथमा हुर्र हुर्रिँदै जान्छ व्यक्ति जो
अनुबोध उ नै गर्छ कल्याण र अनिष्टको ।
गालामा त्यसको स्याँठ सस्नेह लिन्छ चुम्बन,
मुसार्दै सूर्यको न्यानो ज्योतिले दिन्छ रञ्जन ।।

यसै चक्करमा घुम्छ विश्व नै यो यथाक्रम –
ठाडो पहाडको भीर, छिप्छिपे धाप दुर्गम,
ज्योति अमरतारूपी, टीठलाग्दो पराजय;
कलङ्कपूर्ण दुष्कीर्ति, औ ख्याति वीरतामय ।।

पालैसान्ति कतै शान्ति विष्फोटको स्थिति;
जडता युगको अन्त, त्यस्पछि नवजागृति ।
स्वार्थी कीटाणुले लिन्छन् उग्र शोषणको मति,
ब्रह्मलूट गरी मन्द पार्दछन् चक्रको गति ।।

यस्को तात्पर्य हो एक – यहाँ हुन्छ भविष्यमा
धनी – गरीबको द्वन्द्व, युद्ध सत्य – असत्यमा ।
व्यवधानहरू कैयौं रहेको पथमा गुडी
चक्रले गर्नुपर्नेछ पार यो सब हर्घडी ।।

हठी छ चक्र यो साह्रै, घुम्दै गर्दछ फन्फन,
क्रमशः पथमा आफ्नो भेट्छ त्यस्ले पुनः पुनः
घृणा औ प्रेमको भाव, भयत्रास र साहस,
उमङ्ग अनि विद्वेष, हर्ष औ शोक प्रायशः ...

(३)

प्राचीन कालको एक कथा नेपालमा सुनें,
साझा कलङ्कले गर्दा वंशकै दुर्दशा हुने ।
जे भए पनि मान्छेको लोकमा गर्छ रञ्जन
औ नित्य धरतीचक्र हाँक्ने उस्को छ चिन्तन ।।

छन् तीन जीव जो ज्यादै निष्कृष्ट छन् स्वभावतः
परन्तु जति जो नीच त्यत्तिकै हुन्छ त्रासद ।
छन् तीन जीव जो बग्गी हाँक्न छन् दृढतत्पर –
अगाडि .. बरु के तिन्ले हाँक्न सक्लान् पछिल्तिर ।।

त्रिप्रतीक ! यहाँ गछौं कथा सुँगुरकै शुरू
प्रदर्शन गरी आफ्ना सबै निष्कृष्टताहरू
पल्टेको छ हिलोमा त्यो, खुर्कंदै छ रछानमा,
यताबाट उता फ्यांक्छ सुँध्दै दुर्गन्ध व्यर्थमा ।।

त्यत्तिकैमा कथाबाट घिस्रंदै सर्प निस्किगो,
बाङ्गोटिङ्गो हुँदै सुल्ल सिऊगै बटारियो ।
लुकाई रोष, विद्वेष, विश्वासघात – स्पष्ट छ,
सुनिंदैन सुसाएको किन्तु जिब्रो विषाक्त छ ।।

र तेस्रो – बाहिरी रूप हेर्दा देखिन्छ त्यो सुधो,
परन्तु मूर्खताको त्यो मानौं साकार मूर्ति हो ।
कुखुरीको स्वभावै हो – नखरा पार्न पोख्त छे,
भाले देख्दा अनायासै फुर्केर त्यो कराउंछे ।।

प्रश्न सुंगुरलाई – 'छ्या ! गन्ध केबिच्न घातक ?
लाग्यो किन हिलोमैलो कानदेखि दुमैतक ?'
लमतन्न पन्यो चोचे च्वाँ–च्वाँ गर्दै हिलोनिर –
'रोजें रछाम ! यो विश्व सदाकाल छ फोहोर !'

सोधियो सर्पलाई – 'ए ! तँ यस्तो रुष्ट छस् किन ?
गोरेटो साँगुरो खोज्दै घिस्रन्छस् टेढिदै किन ?'
जिब्रो झिक्दै सुसाएर दिन्छ उत्तर सर्प यो –
'बाङ्गो जीवनको चाल ! टेढिदै घिस्रनैपर्‍यो !'

ठुँग्दैछे अन्नको गेडा कुखुरी मात्र हर्घडी,
बोधो हुँदा ऊ बुझ्दैन प्रश्नको सार क्यै गरी ।
निर्बुद्धि रटना गर्छे – 'मलाई के ? मलाइ के ?
के–कहाँ, के–कहाँ ? क्वा–क्वा !

कहाँ–के ? क्वाक्क–क्वाक्क के'
'च्वाँ–च्वाँ–च्वाँ ! सु–सु–सु !! क्वा–क्वा !!!'

घन्क्यो एक्कासी यो स्वर ।
फिका भो सब आवाज जो सुनिन्थ्यो सबैतिर ।।
विश्वासघात, दुष्टचाइँ, मूर्खता – सुरिए पुनः
आफ्नो औचित्यको पुष्टि गर्न यी तीन दुर्गुण ।।

'हाम्रो गौरवको वेला अब आरम्भ भो यहीं,
लिन्छन् मान्छेहरू हाम्रै आकार कहिलेकहीं ।
पुग्छन् लम्की नरपशु सहजै लक्ष्यमा छिटो,
पाउँछन् चक्र हाँकेर सम्मानपत्रको बिटो ।।'

हे मण्डल ! ... तुवाँलो झैं धूलोले ढाकियो पथ ।
शोकपूर्ण कथासार ! कठोर तथ्य वस्तुतः ।।

(४)

मण्डलाकार ... सर्वत्र अनन्त कक्षमा स्वतः
एकनास सदा हुन्न उच्चाकाङ्क्षा फलायित ।
खुल्दा रहस्यको पर्दा श्रमप्रेमी रमाउँछ,
अल्छीको पिण्ड तक्मा औं मान पाएर फुल्दछ ।।

शिल्पकार सधैं आफ्नै कार्यमा हुन्छ तत्पर,
फुर्सदै हुन्न उस्लाई कहिल्यै छाँट्न भाषण ।
आफ्नो तारीफको डम्फू आफै ठोक्छ गफाष्टक,
मानौं हो चक्रको त्यो नै रचनाकार लायक ।।

लम्कन्छ प्रतिभाशून्य मिथ्या महानतातक,
विश्वासघातको – आफ्नै कुचक्र हुन्छ घातक ।
पुरानो त्यो कथामा झैं सुनिन्छ फेरि आहट,
त्यही सुँगुरको च्वाँ–च्वाँ, सर्पको त्यै सुसाहट ।।

नथाकेर अहोरात्र चक्र घुम्दछ फन्फन,
क्रमशः पथमा आफ्नो भेट्छ त्यस्ले पुनःपुनः
घृणा औं प्रेमको भाव, भयत्रास र साहस,
उमङ्ग अनि विद्वेष, हर्ष औं शोक प्रायशः ...

... अँ, मैले के सिकें पाठ, केको निम्ति छु योग्य म ?
आभार[29] कविता मेरो होला के कार्यकै सम ?
सत्य हो है, न निष्कृष्ट, न ता उत्कृष्ट नै म छु,
ज्ञानको स्तरमा आपना दौंतरीकै समान छु ।।

पुत्र हुँ बाबु–आमाको जो वितीकन गैसकें,
पिता छोरीहरूको जो उमेरदार भैसके ।
भेटघाट हुँदा हर्ष, दुःख लाग्छ बिछोडमा,
नजीक आउँदो वृद्धावस्थाले पार्छ सोचमा ।।

थाहा छ, मर्नुपर्नेछ सबैले झैं कुनैदिन,
दिएको छ विधाताले म्याद तोकेर जीवन ।
स्नेहसिक्त लिई नेत्र हेर्छु यो विश्वलाई म,
झस्कन्छु लोकको चिन्ताद्वारा व्यग्र भएर म ।।

सम्झना गर्छु सारा म – कैले दुर्भाग्यका दिन,
कैले जोश युवाजन्य औ कैले सुखको क्षण ।
कल्पनाकाशमा कावा खाँदै उडें कुनैदिन,
शून्यताको भयो बोध पखेटा काटिदा पुनः ।।

भोगें सुख तथा दुःख जिन्दगीमा यदाकदा,
परन्तु एउटै मात्र रह्यो प्रयत्न सर्वदा –
सेवामा मातृभूमिको सारा श्रम लगाउनु,
औ आपनो गाउँको निम्ति उपयोगी पनि हुनु ।।

सौन्दर्यपान धर्तीको गर्न तत्पर हर्दम
रहन्छु जब एकान्त गोरेटोमा चहार्छु म ।
बालुवाको बनूँ बिन्दु वा सेतो हिउँको कण,
वर्षाको जलको थोपो, सूर्यको बिम्ब तत्क्षण ।।

जे होस्, आशा गुमाएको अझै छैन, निरन्तर
कुरा औ कामले आफ्नो चाहन्छु दिन उत्तर ।
ती नरपशुलाई जो तम्सन्छन् चक्रको पथ
छेक्न, अङ्कुशले रोक्न वेगवान् कालको रथ ।।

(५)

किंवदन्ती, यथातथ्य, किंवा जीवनका क्षण,
भोगेका दिन औ वर्षहरूका दृश्यचित्रण ।
हौ तिमीहरू नै मेरा योग्य सन्देशवाहक,
लुप्त अतीतको फेरि सम्झना भो अचानक ।।

फेरि पर्दा खुल्यो माथि स्मृतिको रङ्गमञ्चको,
जहाँ सम्पूर्ण व्यक्तित्व मेरो स्वतः उदाङ्गियो ।
जहाँबाट मनोवाञ्छा सोझै खुलस्त पार्छु म,
वार्तालाप तिमीसंग औ आफैसंग गर्छु म ।।

न छाया छ थकाइको, न ता आलस्यको छवि,
म हुँ वास्तवमा एक सङ्गीतकार औ कवि ।
घुम्छ चिन्तनको जाँतो, मनमा भाव फुर्दछ,
मानौं मण्डल हो ... त्यस्को न अन्त, न त आदि छ ।।

एकपल्ट मुसासंग पुगें गर्न म सोधनी —
'के हो जीवनको लक्ष्य औ उपादेयता पनि ?'
'बच्चा !' – हर्षित आमाको थियो तत्काल उत्तर –
'दूधे बालक कोक्रोमा जहाँ छ धन्य त्यो घर !'

पिताले केही सोचेर भने— 'महत्त्वपूर्ण हो –
बलेको शान्तिको ज्वाला घरभित्र अगेनुको ।
देवताहरूको बज्र परे तापनि शत्रु नै
प्रमेथियसले[30] आगो ल्याए हाम्रो हितार्थ नै ।'

मैदाको कणले सेतै ढाकिई घट्टको धनी
विचार मनको पोख्छ हर्षले गद्गदै बनी —
'उद्देश्य एक होस् हाम्रो – धर्तीको गर्नु उन्नति !
रोजीरोटी – यही नै हो पुरस्कार ठूलो अति ।।'

अबुतालीबलाई[31] नै सोधें, हुन् कवि आखिर,
बिस्तारै तारबाजाको निकाल्दै सुरिलो स्वर
बोले मुसुक्क हाँसेर – 'सामान्य गीतको लय –
सबैभन्दा यही मुख्य, मलाई लाग्छ यो प्रिय ।।'

'के हो जीवनको सार ? सक्छौ, मित्र ! बताउन ?'
सोच्नतर्फ नलागेर विनोदप्रिय सज्जन
अँगाल्दै सुन्दरी पत्नीलाई भन्छन् उनी तब –
'मेरो उत्तरको अर्थ, बुझ्यौ, रासुल,[32] के अब ?'

बोलक्कड त्यहाँ आई भन्छ – 'जीवन ? मित्रहो !
प्यालामा मदिरा भर्दै वार्तामा डुब्नु नै त हो !
धन्य हो जीवनानन्दी पवित्र जल – मादक,
प्यूनु चस्को लिदै त्यस्को हुन्छ आनन्ददायक !!'

यसै भाषणको पुष्टि गर्छौं त्यागेर धूर्तता,
उठाई टोस्टको प्याला भन्छौं शब्द यिनै सदा ।
सीमाको भावना किन्तु हुनैपर्दछ निश्चय,
सुरापान र अन्यत्र सबैमा, छैन संशय ।।

'के हो जीवनको सार ?' – मैले सोधें सबैसित ।
जवाफ पाइयो यस्को भिन्दाभिन्दै अनिश्चित ।।
कोही सुदूरको यात्रा गर्नुमा मान्दछन् सुख,
कोही घर–करेसोमै बगैंचा पालन इच्छुक ।।

सौन्दर्य हो जहाजीको निम्ति सागरको द्युति,
औ चित्रकारको निम्ति – मोनालीजा[32] मुखाकृति ।
''मुण्डे मुण्डे मतिर्भिन्न'' – यहाँ यो उक्ति सत्य छ ।
विशाल विश्वको रूपरङ्ग ज्यादै विचित्र छ ।।

हितैषीहरूमा गर्छु सुखको कामना नित ।
तिन्को वाणी र आकांक्षा ममा नै छ समाहित ।।
निजी इच्छा र आकांक्षा एकाकार भईकन
शक्तिशाली परी धक्का चक्र घुम्दछ फन्फन ।।

'सलाम ! शान्ति होस् !' – गर्छु घरभित्र पदार्पण ।
गृहस्वामीहरू भन्छन् – 'नमस्ते ! शान्ति अर्पण !'
'सबैमा शान्ति होस् ।' – यस्तो समुद्घाटन सत्यको,
हितसाधन हो मुख्य यही मानवभाग्यको ।।

(६)

चम्क्यो हिउँ, परी आभा सूर्यास्तमा बिदाइको,
देखियो लालिमा रम्य काँधमा एभरेस्टको[33] ।
ओढी बादलको घुम्टो लुक्यो माथि हिमालय
किन्तु पान्डुर[34] बाजाको सुनिंदै छ अझै लय ।।

जति टाढा उति अग्ला तीन पर्वत–शृङ्खला,
पहराहरूको पङ्क्ति शक्तिशाली र ठुल्ठुला ।
भिरालो छत हो अग्लो भूकै मानवजातिको,
दूरवर्ती धरा त्यो हो नेपाल अधिराज्यको ।।

उर्लन्छन् मनमा तीव्र छाल झैं गूढ चिन्तन,
कुराकानी पुरानै त्यो जारी राख्छु यहाँ पुनः
युगानुयुग यी तीन सिढी पार गरीकन
माथि आकाशमा पुग्छन् पहाडी राज्यका जन ।।

मानौं हो बटुवा बाटो बिर्सेर अन्धकारमा,
ताराहरू नियालेर बाटो खोज्ने प्रयासमा ।
त्यो जस्तै छस् तँ, नेपाल ! रनभुल्ल यहाँ परिस् !
बाटोको खोजमा उच्च आकाशतर्फ लम्किइस् !!

दिन भोग्नुपऱ्यो तैले यातना र अभावको,
तारारहित आकाश औ उग्र अन्धकारको ।
आत्मसन्तुष्टिको लागि सके गर्न पुगिस् अनि
हजारौं देवदेवीको कल्पना जगमा पनि ।।

विश्वास गर्दछस्, अग्ला ह्यूँचुलीबाट मुन्तिर
कालो बादल औ हुस्सु लागे तापनि आखिर
ती अलौकिक सृष्ट्रीका नेत्रद्वारा चराचर
मताद्वीपहरू सारा हुनेछन् दृष्टिगोचर ।।

परन्तु क्रोध औ दुःखद्वारा निसासिने गरी
विषाक्त जब भो विश्व युद्धको नर्कमा परी ।
हजारौं देवदेवी ती रहे मौन तथा स्थिर
त्यहाँको उच्चताबाट हेर्दै यो धरणीतिर ।।

औ त्यो दुर्दिनको वेला स्वयं यूरोपमा यता,
भेट्टिएन कतै काहीं एउटै पनि देवता ।
जस्को आडभरोसामा सक्तथ्यो त्राण पाउन
जो थिए यातना–भोगी तीमध्ये एक सज्जन ।।

उभिएका थिए मौन मीनारहरू नीरज,
ढाकिएका थिए अन्धकारले सब गुम्बज ।
चुपचाप थिए घण्टाघर सर्वत्र नीरव,
तिन्का घण्टाहरू मानौं लाटिएका थिए सब ।।

गाउँमा विधुवा गर्थे डाँको छाडेर क्रन्दन,
पहाडहरूमा घन्की फर्कन्थ्यो तीव्र क्रन्दन ।
किन्तु मानिसको दुःख–यातना र खतीकन
न ता अल्लाह नै आए रोक्नखातिर तीन दिन ।।

अहँ, ईश्वरको कानसम्म पुग्न सकेन है,
अम्बारुदनको सुँक्क किंवा गर्जन तोपकै ।
ध्यानमग्न भए बुद्ध, फर्काए मुख कृष्णले,
कसैलाई पुनर्जन्म दिएनन् यिशुख्रीस्टले ।।

विश्व थर्काउँदै ज्वाला दन्क्यो नरकको जब,
च्याउ झैं बमविष्फोट हुँदा भस्म भयो सब ।
बाइबल रह्यो मौन निस्तेज बहिरो बनी,
औ कुरान बन्यो अन्धो पढेर तुरिदा पनि ।।

हत्यारोहरूले मात्र कावा खाँदै हिरोसिमा[35],
पुलुक्क एक-अर्काको नसकी हेर्न नेत्रमा,
थिचे बटन तत्काल भाग्दै उड्दै त्यसै क्षण,
निस्सार प्रार्थना गर्न लागे आकाशमा पुनः ।।

... चम्क्यो सूर्यास्तमा आभा साँझमा, एभरेस्टको[36]
रक्ताम्य देखियो टाटो हिमाच्छादित काँधको ।
देखिन्छ पट्टी बाँधेझैं हिमाल अति मार्मिक,
सुकेको छैन पुर्खाको आलो रक्त अझैतक ।।

औ भित्री मनको घाउ पाकी पोल्दछ चर्चर,
साथै प्रत्येक प्रारब्ध चिन्ताग्रस्त, भयातुर ।
देशमा दूरवर्ती वा छिमेकी भूमिमा पनि
एक्कासि कहिलेकाहीं सुनिन्छ तोपको ध्वनि ।।

बमबारी हुँदा खेत छियाछिया परे पुनः
पूरै नगर भो ध्वस्त धूवाँले व्याप्त भैकन ।
पर्‍यो एक्कासि गोलीले भरौटेहरूको चल्यो,
किसान खेतमा आफ्नै लमतन्न परी ढल्यो ।।

कसैले फेरि क्रोधान्ध भई, उन्मादमा परी,
चाहन्छ रक्तले तिर्खा मेट्न पयूररुकै[37] सरी ।
नाजीका[38] टोप औ वर्दी – तानाबाना भिरीकन
अल्पबुद्धिहरू लागे आफ्नो नापो मिलाउन ।।

तम्तयार भयो पङ्क्ति हत्याराहरूको नयाँ
वज्रन्छ मार्गमा बूट जवानहरूको नयाँ ।
छ गन्ध वायुमा व्याप्त पुतको रक्तको घना,
भावी नातिहरू चाहिं भोग्नेछन् टुहुरोपना ।।

कालो आदेशको गन्ध पोखिन्छ ठस्स हर्दम,
गोप्य भण्डारमा छर्छ गन्ध प्लाष्टिकको वम ।
गह्रायो शहरै सानो दूर भारतदर्षको
हुँदा विस्फोट भण्डार प्राणघातक ग्यासको ।।

अँध्यारो तमले ढाक्यो शुभ उच्च हिमालय,
पुनः संसारमा छायो कालो बादलको भय ।
भर्खरै सकियो दोस्रो विश्वयुद्ध भयावह,
शिर ठाडो गरी हेर्ने तेस्रो गर्दै छ आग्रह ।।

हे ने पाल ! उचालिन्छस् पहाडहरूबाट तँ,
उठ्छस् मानिसको भीडभन्दा माथि सदैव तँ ।
लाग्छ, खोजेर पाइन्न शान्त ठाउँ कतै पनि,
अशान्तिमय बेचैनी देखेको छु जहाँ पनि ।।

सम्झन्छु – धारिलो, ठाडो पाखा-पर्वत, भीरमा'
पारि बादलको माथि हिउँको त्यो प्रदेशमा,
लाखौं जीवनको अन्त अकालमै भयो यता,
असहाय तथा मौन हजारौं देव-देवता ।।

घुम्दै छ नरुको जाँतो निरवच्छिन्न फन्फन,
सिमानासम्म रणको तन्केको शान्तिको दिन ।
सङ्घर्ष चल्छ ज्वाला औ निस्पट्ट तमका बिच,
न्यानो प्रेम तथा चीसो घृणाको भावनाबिच ।

तीव्र सङ्घर्षको भार बोक्षिलो छ, अतः गमी
लेऊ उत्तरदायित्व, काव्य, लौ, आफुमा तिमी ।
दुई पुस्ताहरूबीच द्वन्द्व चल्छ निरन्तर,
पिताको मनको पीडा बुझ्दैनन् पुत्र नै तर ।।

युवाको जोश औ वृद्धहरूको होशसम्मत
अनुभूति सदा हुन्छ उमेरभेदको स्वतः ।
... अटूट रूपले घुम्दै रहन्छ चक्को गति,
डन्डीहरू त्यहाँ त्यस्का झुल्कन्छन् तेजले अति ।।

निराशा लिन्नँ, तर्सन्नँ, उभिन्छु दृढतत्पर,
हेर्छु ठाडै चियाएर भावीको मुखमण्डल ।
प्रचण्ड वेगको साथ शीघ्र घुम्दै निरन्तर,
हाम्रो जीवनको चक्र अनेक मार्छ चक्कर ।।

हे मण्डल ! घुमी पार गर्नु आफ्नो पुरै पथ ।
परन्तु कालको हावा धकेलोस् त्यसमा रथ ।
जे होस्, विश्वास मेरो छ – देवताले नभैकन,
स्वयं मानिस नै गर्छन् यो चक्र - परिचालन ।।

यहाँ असाध्य गर्मी औ जाडोको हुन्छ सङ्गम,
यहाँ सुरम्य देखिन्छन् चम्किला र फिका रङ ।
माथि पर्वतमा भोजपत्रको हुन्छ सर्सर,
न्यानोमा खोंचका गर्छन् केराका पात फर्फर ।।

हिउँका टाकुरानेरै पहाडी पहरातिर
हिउँको बाघ गर्जेको सुनिन्छ खोंचमा तल ।
जम्काभेट कतै होला पहरातुल्य जब्बर
गँडासित तराईमा भन्ने पत्तो कहाँ छ र ?

छ माथि हिउँको राज्य, सेपिलो तल जङ्गल,
कतै जाडो, कतै गर्मी, सबै मौसमको घर ।
राम्रो नेपालको दृश्य लेकाली खर्क – उत्तर,
सुरिला ताडका वृक्ष देखिन्छन् दक्षिणैतिर ।।

यहाँ गोरुहरू जोत्छन् विस्तारै खेत जो नित
पर्दैनन् छक्क बेतोड 'मर्सिडेसहरू'सित[39] ।
यहाँ भव्य बनेका छन् बुर्जायुक्त नयाँ घर,
खडा छन् नजिकै त्यस्का रम्य प्राचीन मन्दिर ।।

देखिन्छन् काठमाडौंमा आगन्तुक अनेकन,
पहाड उक्लने मात्र कसैको हुन्छ चिन्तन,
कोही यूरोपको खोज्छन् फेर्न सङ्कीर्ण जीवन
यहाँ आएर खोजीमा एसियाली खुलापन ।।

पर्यटकहरू थुप्रै पुग्छन् नेपाल, भारत,
भव्य होटलमा कोही बस्दछन् सुविधासित,
गुजार्छन् रात कोही ता जहाँ पायो उहींनिर,
भौंतारिन्छन् निरुद्देश्य जता पायो उतैतिर ।।

कसैको निम्ति चाहिन्छ अवस्था सुव्यवस्थित,
कोही बटुल्न चाहन्छ अनुभूति असीमित ।
किन्तु ती सबको निम्ति यही उक्ति छ सार्थक :
'पार भो सिन्धु, आस्थाको पुगिएन चुलीतक !'

उता पेरिस औ बोल्नतर्फ देखें निकै जन
तड्पेका वाक्क लागेर रुखो दैनिक जीवन ।
हतारोसाथ ती खोज्छन् बाटो विचित्रतातिर,
अन्तः शुल्क र सर्कारबाट टाढा कतैतिर ।।

कुर्लन्छन् रोष देखाई परदेशी युवाहरू,
विद्रोह तिनको, मानौं फुस्रा हो गोजिको बरु ।
छन् देशान्तर यात्राको खेलमा मस्त बेधक,
औ ध्यान दिनुपर्दैन सके त्यस्मा निरर्थक ।।

किन्तु नित्य फिरन्ताको लावालश्कर आउँछ,
हामीलाई स्वयं आफ्नो यादगार दिलाउँछ ।
यद्यपि तिनको हैन यो पैलोपल्ट वर्णनः
आँखाको सामु ती पर्छन् नौलो रूप लिदै पुनः ।।

दाह्री-कपाल खौरेर ठाटिदैनन् युवाहरू ?
शृङ्गार कति गर्दैनन् लफङ्गा झैं ठिटीहरू ?
शब्द 'बिट्निक'[40] झैं सारा पुरानो भैसक्यो अब,
महत्त्व नाउँमा हैन, भावमै हुन्छ वास्तव ।।

सार के हो भने आज यी तन्नेरीहरूको पनि,
नाम अर्कै रहोस्, किन्तु तिन्को उस्तै छ जीवनी ।
बाबु-बाजेहरूसंग मिल्दैन तिनको मत,
आफ्ना पूर्वजको गर्छन् तीव्र आलोचना अतः ।।

कुनवेला पिता गर्थे पुत्रको तीव्र भर्त्सना,
जार त्योत्र[41] र ग्रोज्नीको[42] विख्यात छ प्रताडना ।
निर्वासित गरे पुत्रलाई शमिलले[43] पनि
कडा आदातको[44] ऐन इमाम[45] मान्दछन् भनी ।।

अनि गोगलका[46] बुल्बा[47] ! पात्र त्यो अहिलेतक
छ जीवन्त र साकार, हैन है भावनात्मक ।
मास्कोमा[48], कीभमा[49], गर्छन् सबैले नित्य सम्झना,
त्यसको लन्डन औ रोमसम्म हुन्छ विवेचना ।।

किन्तु अकैं जमाना औ व्यवहार नयाँ अब ।
हो, पिताहरूमा छैन क्रूरता त्यति सम्भव ।।
औ 'विद्रोहीहरू', चाहे सही हुन् वा सही नहुन्,
तो आफ्ना जन्मदाताको सम्मानार्थ तयार छन् ।।

स्वीकार्य छैन तिन्लाई पुर्खाको दुःखयातना,
युद्धवीरहरूमाथि छैन हार्दिक भावना ।
भर्सेलोमैं परोस् दुःखदायी अतीतको स्मृति !
घरैमा वा कतै जाँदा नियान्त्रो मान्दछन् अति ।।

सुदूर देशमा पुग्दा, चहार्दा विश्व नै पुरा,
निरीक्षण गरें तिन्को - वाक्क मान्छन् सबै कुरा !
मानौं कपाल लामो छ किन्तु छोटो छ बुद्धि के ?
अहँ ! निबुद्धिको मात्र यो त हैन कुरा सके ।।

कुरा के त भने सँयौं प्रश्न तिन्को छ आखिर,
पाइएको अझै छैन यहाँ सम्पूर्ण उत्तर ।
कुरा के त भने आज तिन्को छ परिवेष्ठित
आकाशमुनि सारा यो संसार अव्यवस्थित ।।

बुझ्दैनन् तिनले : को हो हत्यारा ? को शिकार हो ?
यहाँ विजयको लागि के कस्तो मूल्य पर्न गो ?
सकिंदैन थियो प्राप्त गर्न के पूर्ण सम्मति ?
रोक्न के बाबु–बाजेले नसक्थे युद्धको गति ?

घर पाताल भै सारा उजाड हुन गो किन ?
अनि बालकको बाल्यकाल नै लुटियो किन ?
अहिलेसम्म नै विश्व शोकपूर्ण रह्यो किन ?
अपुताली पन्यो चिन्ता तिन्को नै हकमा किन ?

किन्तु निर्बाध यात्रामा देशान्तर डुलीकन,
अबोध मनको भित्र चिन्तामा व्यग्र भैकन,
भौंतारिदै जथाभावी औ व्यर्थ खोज्नुमा स्वतः
आपनै विशिष्ट बाटोको आकांक्षा छ समाहित ।।

अनि छनोटको जन्म तत्काल हुन्न निश्चय,
सबैले लिन सक्तैनन् सोचेर ठोस निर्णय ।
छन् कोही उग्रपन्थी भै नारा फलाक्न उद्यत,
किन्तु सत्कार्यमा व्यस्त हुनेछन् अधिकांशतः ।।

न्यायोचित किनारामा गर्नुपर्छ पदार्पण,
शुभेच्छा बटुवालाई आत्मीय गर्छु अर्पण !
सिन्धु भो पार, आस्थाको चुली होस् उच्च आश्रय,
छ विश्वशान्तिमा आस्थाभन्दा होचो हिमालय ।

निकालुन् तिनले साझा समस्याको कुनै हल,
गर्दै विद्रोह सर्वत्र भौंतारिनु छ निष्फल ।
स्पष्टै छ, पृथिवी फन्को मार्दैन कामबेगर,
विरुद्देश्य लगाउन्न चक्रले व्यर्थ चक्कर ।।

(८)

... हाम्रो जीवनमा एक चमत्कार छ वस्तुतः
आरम्भहरूमध्ये यो महान् आरम्भ हो स्वतः ।
यशस्वी मित्र ती मेरा नेरुदाले[60] कुनै दिन
दिएथे नाम त्यसलाई – ग्राम सङ्गीत-गुञ्जन !!

"ग्रान चिलेनो"[61] भनी नामी चिलीका कविबन्धु ता
गाथा भूमि र भाषाको गाउँथे साइनोप्रति ।
काव्य वास्तवमै हुन्न कदापि क्षणभङ्गुर,
सदा जीवन्त त्यसको छ उद्देश्य अति उज्ज्वल ।।

मूलमा अथवा त्यस्को रूपान्तरणमा पनि
एकबद्ध सबैलाई पार्दै गुन्जन्छ त्यो ध्वनि ।
प्रत्येक जनताबीच स्वस्फूर्त जन्म लिन्छ त्यो,
निर्बाध रूपले सीमा सहजै पार गर्छ त्यो ।।

त्यस्को दर्शन पाएर प्रफुल्ल हुन्छ जो पनि,
देखी पीडित औ दुःखी दयालु बन्छ जो पनि ।
मात्र सुङ्गुर औ सर्प बुझ्दैनन् त्यसको गुण,
छ आत्मा यदि अन्धो ता काव्यको के प्रयोजन ?

गर्दथ शैशवावस्थादेखि नै लय गुनगुन,
खोलेर स्मृतिको पर्दा म गर्छु सम्झना पुनः ।
हातबाटै पिताजीको पाइँ उत्तरदेन जो
तार पान्डुर[52] बाजाको बज्नै पर्छ सदैव त्यो ।।

विश्वसङ्गीतको अंश हो है पान्डुरको[53] धुन,
आपनै वैशिष्ट्य त्यसस्को छ, अद्वितीय छ गुञ्जन ।
सिक्न गाह्रो भयो साह्रै मलाई वादयवादन,
अर्काको स्वरको सट्टा आपनै स्वर मिलाउन ।।

रम्य पर्वतको अग्लो खर्कमा हुकिएँ म ता,
जहाँ बादलका टुक्रा भौंतारिन्छन् यताउता ।
माथि तक्मासरी झल्ल चम्कन्छ सूर्यको द्युति
सधैंको निम्ति सुम्पेको सम्पूर्ण जनताप्रति ।।

गोठालाको सुनें मैले बाँसुरीको तिखो स्वर
सर्वप्रथम त्यै वेला त्सादाको[54] गाउँबाहिर ।
जतिखेर थिए सारा शीतका बिन्दु घाँसमा
सूर्यको ज्योतिले झल्ल टल्केका सुप्रभातमा ।।

चराउँथें जसै पाठाहरू म, गाउँको ठिटो,
मेरा गुरु, वयोवृद्ध गोठालाले छिटोछिटो
भिजेको घाँसमा सट्ट मोटो राडी बिछ्याउँथे,
एक्कासि बाँसुरी आफनो झोलाबाट निकाल्दथे ।।

ओठनेर लगी चट्ट मामूली बाँसुरीकन
ध्यानमग्न भई फुक्दै गर्दथे लयगुञ्जन ।
कहिले शोक ओ चिन्ता, कहिले गर्विलो स्वर,
सुनिन्छ लयमा उन्को विभिन्न भावको सुर ।।

म हुन्थें सर्वदा मुग्ध प्रायः उन्का कथा सुनी,
पहाडी बुद्धिमत्ताको मूर्त रूप थिए उनी ।
जे भोगें वा सुनें मैले पछि जीवनमा तब
उन्कै कथाहरूसंग मिल्दाजुल्दा थिए सब ।।

इतिहासहरू, लाग्छन् ज्यादै नै क्रमबद्ध तौ
अर्धशिक्षित गोठालाबाट मैले सुनें जति ।
गुन्जथे तिनको सार गाथा औ किंवदन्तीमा,
समुद्रपारिका देश वा छिमेकी प्रदेशमा ।।

विवेकबुद्धिले पूर्ण उन्को चिन्तन–पद्धति,
मिल्दोजुल्दो थियो त्यस्कै सुनियो पछि जे जति,
मास्कोमा[54] औ त्बिलिसीमा[55], मेक्सिको र नेपालमा,
बाटो लाग्दा हतारोमा वा मिल्नकै निवासमा ।।

आभार जातिका वृद्ध पुगेनन् कहिल्यै तर
आपनै जन्मथलो, गाउँ, घरभन्दा कतै पर ।
आपना कथाकुथुङ्गीमा मानौं पोख्त थिए उनी
विश्वकै काव्यको सार भर्न नित्य चुनीचूनी ।।

उन्का ठठेउला उक्ति, किंवदन्ती कथाहरू
अचूक रूपमा हुन्थे पूर्वसङ्केत झैं बरु,
एक्कासि स्पष्ट जो तथ्य यात्रामा दूर देशको
धराको शक्तिशाली ह्यो चक्रबाट मलाई भो ।।

भिन्न रीतिस्थिति, साथै रूपमा भिन्न छन् घर,
भिन्न चराचुरुङ्गी छन्, वृक्ष औ पुष्प सुन्दर ।
खानपान सबै हुन्छ स्वादमा भिन्न वस्तुतः,
किन्तु समान छन् सारा कल्पना चिरवाञ्छित ।।

विभिन्न हुन्छ आवाज, रूपरङ्ग र आकृति,
निजी नाम र पोशाक, नाचगान र संस्कृति ।
परन्तु समता राखछन् किंवदन्ती तथा कथा,
यहाँ अनेकताभित्र सारमा हुन्छ एकता ।।

हिमाली उच्चताबाट टाढा ककेसियातक[56]
सबै युग र भाषाका विभिन्न कवि-गायक,
पर्वतारोहिवत् हामी डोरीले एकबद्ध छौं,
मिली दुर्गम औ ठाडो पखेरो पार गर्दछौं ।।

आशाको दिनमा किंवा दुःखकै वर्षमा कुनै,
स्पष्ट देख्छ कलाकार टाढा क्षितिजसम्म नै ।
बोक्नु उत्तरदायित्व विश्वकै भाग्यखातिर,
टेक्नु सगरमाथामा[57] भन्दा ज्यादै छ दुष्कर ।।

दुवै अमेरिका साथै शिल्पी यूरोपका अनि
पहाडी नर्तकी साथै फाँटका गायकै पनि ।
बन्धु हुन् – रूसका पुत्र, भारतीय दुवै कवि
रवीन्द्रनाथ[58] औ निकोलाई रेरिख[59] हामी झैं ।।

गाई–भसी धपाएर नेपाली गीत गाउँछ,
त्सादाको[60] रम्य गोठालो गीत नै गुन्गुनाउँछ ।
प्रतिस्पर्धा परेजस्तै म सुन्छु तिनको लय,
मभित्र पनि गुन्जन्छ पिताकै तार निश्चय ।।

(६)

हिमाल शृङ्खलामाथि, आन्दी[61] पर्वत मास्तिर,
अनि ककेसिया[62] शैलमालामाथि, सबैतिर
गुन्जन्छ निरवच्छिन्न दिव्य मण्डलको कथा,
गाथा जीवनको जो छ सदा तारुण्यको ज्यथा ।।

विश्वको दूरता सारा जो छ ज्यादै असीमित
प्रचण्ड वेगले सोझै पार गर्दै छिटोसित
अनन्त गति आपनो त्यो सुचारु राख्छ मण्डल,
सुनिन्छ लय झैं रम्य सहस्र ध्वनिको स्वर ।।

न ज्यादै माथि उक्लन्छ, न ता आदेश गर्दछ,
सबै अस्तित्वका मार्गहरूमा नित्य व्याप्त छ ।
सर्वत्र सर्वदा हुन्छ अपराजय मण्डल,
विभिन्न देशको दूरी हटाउँदै निरन्तर ।।

सहस्रौं युग वा वर्ष, निनेषभरको क्षण,
विशाल विश्वब्रह्माण्ड, जन्मेको घर–आँगन ।
प्रतिपक्षहरूबीच जहाँ हुन्छ समागम
मात्र मण्डल त्यो बिन्दु खोज्न एक छ सक्षम ।।

हुरिंदै उड्छ निर्बाध अनन्त चक्रको गति,
कर्तव्यनिष्ठ छन् तीनै काल त्यै चक्रकै प्रति ।
वर्तमान तथा भूत दुवै काल सरासर
भविष्यतर्फ लम्केर हिंडेका छन् निरन्तर ।।

स्वदेशमा तथा एसियाली आकाशमुन्तिर
हाम्रो सामु खुलेको छ आजको दिन सुन्दर ।
किन्तु हाम्रो छ सम्बन्ध हिजोको दिनकै सरी
भोलिको दिनका साथ आजकै दिन झैं गरी ।।

हे मण्डल ! ... कतै कालो नछाओस् घोर बादल,
ह्यूँचुलीहरूको माथि रहोस् आकाश उज्ज्वल ।
अनन्त चक्रको फन्को सम्पूर्ण हुन्छ आश्वित
हरेक ठाउँमा हाम्रै साझा प्रयासमा नित ।।

सल्लाघारोहरूभित्र, आँपका कुञ्जभित्र नै,
पुन्याओस् भाग्यले चाहे सुदूर ठाउँमा कुनै ।
नित्य मण्डलले त्याओस् मान्छेलाई समीपमा
पथभ्रान्त नहोस् कोही लक्ष्यको प्राप्तिमार्गमा ।।

□

८ मार्च १९९५
मास्को, रूस ।

टिप्पणी

अबुतालीब – (पेज ३६) दागेस्तानी जनकवि ।

आदात – (पेज ४६) (अरब. रीतिरिवाज) – धार्मिक चरित्रको शारीआतमा प्रतिबिम्बित नभएको तर मुसलमान समुदायमा व्यवहारमा प्रचलित इस्लामी पूर्वको न्यायविधानको अवशेषस्वरूप सामाजिक रीतिथिति ।

आन्दी (पेज ५२, ७४) ककेसियाको उत्तर – पूर्वी भागमा करीब ६० किलोमीटरसम्म फैलेको पर्वतश्रृखला (समुद्र तलवाट २७३६ मीटर अग्लो चुली) ।

आभार– (पेज ६, ११, १६, ३४, ३८) दागेस्तानको एक प्रमुख जनजाति । अजर – बैजानमा समेत गरी ४ लाख जति मानिसहरूद्वारा बोलिने आभारभाषा ककेसियाली भाषा-परिवारको उत्तर – पूर्वी समूह अन्तर्गत पर्दछ । पन्ध्रौं शताब्दीतिर आभारभाषाको लागि अरब लिपिको प्रयोग भएको पाइन्छ भने उन्नाइसौं शताब्दीको उत्तरार्धमा मात्र यसैको आधारमा आभारलिपिको आविष्कार गरिएको थियो । सन् १९२७ मा ल्याटिन अक्षर र सन् १९३८ देखि रूसी अक्षरले उक्त लिपिको स्थान लियो । यस भाषाको विकासमा हम्जात त्सादात (इ. सं. १८७७-१९५१) को कृतित्वबाट ठूलो योगदान पुग्न गयो । बाह्रौंदेखि उन्नाइसौं शताब्दीसम्म आभारराज्य पनि अस्तित्वमा रहेको थियो जुन सन् १८६४ मा रूसी जारको संरक्षणमा पर्न गयो ।

इलाम– (पेज ४६) (अरब. अगुवा) – मस्जिदहरूमा प्रार्थनाको नेतृत्व गर्ने व्यक्ति वा मुसलमान–समुदायका धार्मिक नेता। इस्लाम धर्मको प्रादुर्भावको समयमा स्वयं मुहम्मदले र उनको निधनपछि खालिफाहरूले इमामको भूमिका निर्वाह गरेको आधारमा सुन्नी पन्थीहरू न्यायिका मजहबहरूका प्रवर्तक र सियापन्थीहरू चाहि पृथ्वीमा अल्लाहका प्रतिनिधिको रूपमा सर्वोच्च नेता मान्दछन्। यसप्रकार इमाम धार्मिक तथा राजकीय सत्ताका प्रमुख मानिन्थे।

एभरेष्ट– (पेज १, २७, ३८, ४०) सगरमाथाको युरोपेली नाम सन् १९१३ मा लन्डनको रायल ज्योग्राफिकल सोसाइटीद्वारा भारतको सर्वे विभागका प्रमुख जनरल जर्ज एभरेष्ट (इ. सं. १८८७-१९००) को सम्मानार्थ विश्वको सर्वोच्च हिमशिखर (८८४८ मिटर) को नामकरण गरियो।

ओडेस्सा– (पेज १५) कृष्णसागर तटवर्ती उक्राइनी नगर। सन् १४१५ मा काचीबेइ (अठारौं शताब्दीमा हाजीबेइ) भनिने तातार बस्ती रहेको ठाउँमा रूसी सेनापति सुभोरोभको नेतृत्वमा इन्जिनियर एफ. देभोल्लानको आयोजना अनुसार बन्दरगाहको निर्माण गरिएपछि सन् १७९५ देखि ओडेस्सा नामले प्रसिद्ध भयो। यस नगरको जनसङ्ख्या १ करोड (इ. सं. १९७४) नाघेको छ।

ओतारा– (पेज ११) दागेस्तानको पहाडतिर भेडागोठसहितको चरनलाई ओतार भनिन्छ।

ओस्काल– (पेज १२) दागेस्तानी लोकगाथाको एक महावीर।

ककेसिया– (पेज ५०, ५२, ७३,७४) (मूल. खसखस) – अतीतमा कृष्णसागरको दक्षिणी किनारमा बसोवास गर्ने सम्भवतः कसकस (खसखस) भनिने प्राचीन जातिको आधारमा 'कासकास' (काम्काज) भन्ने नाउँ रहेको प्रतीत हुन्छ। यो पहाडी प्रदेश कृष्णसागर, आजोभसागर र क्यास्पियन-सागरको मध्यभागमा अवस्थित छ। सर्वोच्च हिमशिखर एल्ब्रुस (५६४२ मिटर)।

काआबा– (पेज ५) मक्काको प्रमुख मस्जिदको चतुष्कोण परेको

ठूलो चोकको केन्द्रमा लम्बाइ १२ र चौडाइ १० मिटरको जगमा १५ मिटर अग्लो आयताकार मन्दिरको रूपमा रहेको इस्लामधर्मावलम्बीहरूको मुख्य-तीर्थस्थल जतातिर फर्केर संसारभरिका मुसलमानहरू नित्य प्रार्थना गर्दछन् । विश्वका सबै इस्लाम धर्मावलम्बीहरूको एकताको प्रतीक मानिने यस चार-कुने मन्दिरको पूर्वी कुनामा अलौकिक कृष्णपाषाण (कालो पत्थर) रहेको छ जुन अल्लाहको शक्तिको प्रतीक मानिन्छ । इस्लाम धर्मको प्रवर्तनभन्दा पहिले त्यहाँ हिजाज जनजातिको तीर्थस्थल रहेको थियो र त्यसको चारैतिर विभिन्न जातिका कुलदेवताको रूपमा तीन सय देवमूर्तिहरू रहेका थिए भनिन्छ । सन् ६३० पछि ती मूर्तिहरू ध्वस्त पारिए र यो तीर्थस्थल सम्पूर्ण इस्लाम धर्मावलम्बीहरूको हजयात्रा गर्ने पवित्र धाम बन्यो ।

काठमाडौं– (पेज ७,१७,३२) चारैतिर पर्वत शृङ्खलाद्वारा परिवेष्ठित समुद्रतलबाट सरदर १३६० मिटरको अग्लाइमा रहेको रमणीय उपत्यकामा अवस्थित नेपालको राजधानी ।

कान्तिपुर– (पेज १६) राजा गुणकामदेवद्वारा (आठौं शताब्दी) खड्गाकार रूपमा स्थापित नगर जसको चारैतिर अष्ट–मातृकाका पीठहरू र केन्द्रमा कान्तीश्वरीको स्थापना गरिएको थियो । सोह्रौं शताब्दीभन्दा पहिले काठमाडौं यसै नामले प्रसिद्ध थियो । नेवारीमा चाहिं 'ये" भनिन्छ ।

कारीब– (पेज ११) दागेस्तानको एउटा पहाडी गाउँ ।

काष्ठमण्डप– (पेज ४) एउटै रूखको काठबाट बनाइएको मानिने सन् १५९६ तिर निर्मित मन्दिर वा सतल जसको नामबाट नै नेपालको राजधानी काठमाडौं भनिएको हो ।

कीभ– (पेज ४६) किंवदन्तीअनुसार किइ भन्ने व्यक्तिद्वारा नीपर नदीको रमणीय किनारमा स्थापित नगरले कीभ भन्ने नाम पाएको हो । पुर्वेली स्लाभ जातिको केन्द्रको रूपमा छैटौं – सातौं शताब्दीमा नै यो नगर अस्तित्वमा आएको थियो र वंषावलीहरूमा सन् ८६० मा यस नगरको उल्लेख पाइन्छ । बाह्रौं शताब्दीको मध्यसम्म यो किभेली रूस नामले प्रसिद्ध राज्यको राजनीतिक, व्यापारिक तथा सांस्कृतिक केन्द्रको रूपमा रहेको थियो । उक्राइना गणतन्त्रको राजधानी ।

कुमारीघर– (पेज ४) नेपालका मल्ल राजाहरूकी इष्टदेवीको

रूपमा पुजिने तलेजु (तुलजाभवानी)को व्यक्त रूप मानिने विशेष विधिद्वारा छानिएकी बौद्धमार्गी शाक्यभिक्षुहरूकी कन्याको निवासस्थानस्वरूप राजप्रासाद हनुमानढोकानेरै निर्मित कलात्मक मन्दिर। त्यहाँ जीवित देवीको रूपमा कुमारीको नित्य पूजा हुन्छ र हरेक वर्ष भाद्र-शुक्ल-चतुर्दशीका दिन कुमारीलाई रथमा राखी नगर परिक्रमा गराइन्छ।

गोगोल, (पेज ४६) निकोलाइ भासिल्येभिच (इ. सं. १८०९–१८५२) – 'वर्दी' (कथा), 'जाँचकी' (नाटक), 'मृतात्माहरू' (उपन्यास), 'तारास बुल्बा' (लघु उपन्यास) आदि विश्वप्रसिद्ध साहित्यिक कृतिहरूका रचयिता विख्यात रूसी साहित्यकार।

ग्रान चिलेनो (पेज ४८) (स्पेन भाषा) – चिलीका महापुरुष।

ग्रोज्नी (पेज ४६) (रूसी भयङ्कर) – शक्तिशाली तर निरङ्कुश शासकको रूपमा विख्यात प्रथम रूसी सम्राट् इभान (चतुर्थ) भासिल्येभिचको उपनाम। उनले आफ्ना राजनीतिक विरोधीहरूको निर्मम दमन गरेका थिए र 'ग्रोज्नी' ('भयङ्कर') भन्ने नामले प्रख्यात हुन पुगेका थिए। उनी झडङ्ग रिसाइ हाल्ने र शङ्कालु स्वभावका हुनाले कसैउपर विश्वास गर्दैनथे। प्रचण्ड क्रोधको आवेगमा आएर उनले सन् १५८२ मा आफ्नै छोरा इभान इभानोभिचको हत्या गरिदिए। –

जील– (पेज १४) 'जाभोद इमेनी लिखाच्योभा' भनिने मास्कोको विशाल मोटर कारखानाको आद्यक्षरबाट रचिएको मोटरगाडीको मार्का जनाउने नाम।

जेनेभा– (पेज २५) स्विट्जरल्याण्डको तेस्रो विशाल नगर जुन जेनेवा सरोवरको दक्षिण-पश्चिम तटमा अवस्थित छ। सर्वप्रथम इ. पू. प्रथम शताब्दीमै जुलियस सीजरद्वारा यस नगरको नामोल्लेख भएको पाइन्छ। यहाँ विभिन्न अन्तरराष्ट्रिय संस्थाहरूका मुख्यालयहरू छन् र वेला-वेलामा अन्तरराष्ट्रिय सभा-सम्मेलनको पनि आयोजना गरिन्छ। –

झोमोलुङमा– (पेज ८) सगरमाथाको तिब्बती नाम जसको एउटा अर्थ 'देवमाता' हुन्छ भने अर्को अर्थ चाहिं 'चराले उडेर पनि नाघ्न नसक्ने पर्वत' भन्ने हुन्छ।

त्बिलिसी (पेज ५२,७२) (जर्जिया. तातो) -समुद्रतटबाट ४०६ देखि ५२२ मिटरको अग्लाइमा कुरा नदीको दुवै किनारामा अवस्थित जर्जिया गण-तन्त्रको राजधानी । तातो पानीमा मुहानहरू रहेको टाउँ हुनाले जर्जियाली-भाषामा त्बिलिसी (सन् १९३६ पूर्व रूसी उच्चारणमा तिपलीस) भनिएको यस ठाउँमा इसाको चौथो शताब्दीतिर नै नगर–किल्ला रहेको थियो ।

त्सादा– (पेज ४९, ५२,७१, ७४) दागेस्तानको हुन्जाहा क्षेत्रमा पर्ने एउटा गाउँ जहाँ रासुल गाम्जातोभ तथा उनका पिता त्सादा गाम्जात (इ. सं. १८७७-१९५१) को जन्म भएको थियो र जहाँ हाल सन् १९६७ देखि त्सादा सङ्ग्रहालय पनि खोलिएको छ ।

दागेस्तान– (पेज ७, १९) ढुङ्गाको देश भन्ने अर्थ लाग्ने पहाडी प्रदेश (क्षेत्रफल ५०३०० वर्गकिलोमिटर) उत्तरी ककेसियाको पूर्वी हिस्सामा अवस्थित छ र क्यास्पियनसागरको ५३० किलोमिटरसम्म फैलेको छ (राजधानी माखाचकाला)। केही भूभाग समुद्रतलभन्दा मुनि पर्ने भए तापनि अधिकांश भूभाग २५०० मिटरसम्मको अग्लाइमा रहेको छ र अजरबैजानको सीमानेर पर्ने बाजारद्यूज्यू नामक पर्वत (४४६६ मिटर) नै सबभन्दा अग्लो विन्दु हो । १५ लाखभन्दा बढी जनसङ्ख्या भएको यस ककेसियाली गण-तन्त्रमा आभार, दार्गिन, कुमिक, लेजगिन, लाकी आदि ३० जनजातिका मानिसहरू बस्तछन् ।

नाजी (पेज ४१) (जर्मन. नेशनलसोजिआलिष्टिखे) – अन्ध-राष्ट्रवाद तथा जातिभेदवादको अनुसरण गर्ने जर्मनीको नेशनल–सोसलिस्ट पार्टी (इ.सं. १९१९-१९४५) को आद्यक्षरवाट निर्मित शब्द । अन्य जनताहरूउपर जर्मन जातिको उत्कृष्टताको प्रचार – प्रसार गरेर यो पार्टी सन् १९१३ मा सत्ता हत्याउन समर्थ भएको थियो । दोस्रो विश्वयुद्धमा जर्मन नाजीवाद (फासीवाद) को पराजयपछि यो पार्टी विघटित भयो ।

नेरुदा, (पेज ४८) पाब्लो– वास्तविक नाम : नेफ्ताली रिकार्डो रेइएस बासुआल्टो – इ. सं. १९०४–१९७३) – अन्तरराष्ट्रिय शान्ति-पुरस्कार (इ. सं. १९५०) एवं नोबेल-पुरस्कार (इ. सं. १९७१) विजेता चिलीका कवि, सामाजिक कार्यकर्ता (इ. सं. १९४५ देखि चिली कम्युनिष्ट पार्टीका सदस्य) । सन् १९२३ मा पहिलो कवितासङ्ग्रह प्रकाशित भएपछि उनले मुक्त छन्दमा कैयौं काव्यकृतिहरूको रचना गरेका थिए ।

पान्दुर– (पेज २७, ३०, ४६) दागेस्तानी तारबाजा ।

प्योत्र, (पेज ४६) महान् (प्रथम) (इ. सं. १६७२-१७२५) – रुसलाई पश्चिमी यूरोपका विकसित देशहरूको स्तरमा पुऱ्याउने उद्देश्यले रसियाली जनजीवनको सर्व क्षेत्रमा सुधारकार्यको शुभारम्भ गर्ने प्रसिद्ध रूसी जार (सम्राट्) जो कुशाग्र बुद्धि, दृढ आकांक्षा, व्यापक दृष्टिकोण तथा लगनशीलता र कार्यक्षमता जस्ता गुणहरूले युक्त हुँदाहुँदै पनि अति क्रूर थिए । उनी आफ्नै पुत्र अलेक्सेइलाई प्राणदण्ड दिन समेत (इ. सं. १७१८) कत्ति हिचकिचाएका थिएनन् । जे भए तापनि रूसको इतिहासमा उनको नाउँ प्रगतिशील एवं सुधारवादी राजनेता र दक्ष सेनापतिको रूपमा अङ्कित भएको छ ।

प्रमेथिएस (पेज ३६) (संस्कृत. मेधा, ग्रीक अर्थ : दूरदर्शी) – सम्भवत: भारोपेली भाषाको 'मेधा' शब्दबाट ग्रीक भाषामा व्युत्पन्न नाम लोकोद्धारको लागि स्वर्गको आगो चोरेर पृथ्वीमा ल्याउने धृष्टता गरेको हुँदा ग्रीकपुराणका स्वर्गाधिराज जेम्स (जिउस) ले आफ्नो विद्रोहीको रूपमा प्रमेथियसलाई ककेसियाको एक चट्टानमा जन्जीरले बाँधी चिरकालसम्म वाजद्वारा कलेजो ठुङ्न लगाई यातना दिएका थिए । यसै कथावस्तुको आधारमा संसारका कैयौं साहित्यकारहरूले अमर कृतिहरूको रचना गरेका छन् । नेपाली महा कवि लक्ष्मीप्रसाद देवकोटाद्वारा रचित ११ सर्गको महा-काव्य 'प्रमिथस' (रचनाकाल २००७–२०१६) उल्लेख्य छ ।

फ्युरर (पेज ४१) (जर्मन. नेता) – जर्मन तानाशाह आडोल्फ हिटलरको उपाधि जो सन् १९२१ मा नाजी (नेशनस–सोसलिस्ट) पार्टीको नेता बनेको थियो ।

बलहार– (पेज १४) दागेस्तानको आकुसिन क्षेत्रमा रहेको प्राचीन कालदेखि नै माटोका कलात्मक भाँडाकुँडाहरूको लागि प्रसिद्ध लाक जन-जातिको एक बस्ती ।

बिट्निक (पेज ४५) (अङ्ग्रेजी. बिट - फुटाउनु तोड्नु) - दोस्रो विश्वयुद्धपछि अमेरिका र बेलायततिर स्वस्फूर्त रूपमा देखा परेको युवाहरूको अराजकतावादी आन्दोलन जसले पुरानो आदर्श, मूल्य र मान्यताप्रति युवा-हरूको असन्तोष र विद्रोहको अभिव्यक्ति गर्दै मानवजीवनको सामान्य

मर्यादाको समेत उल्लङ्घनको रूप लिएको थियो ।

बुल्बा– (पेज ४६) रूसी लेखक गोगोलको लघु–उपन्यास 'तारास बुल्बा' को प्रधान नायक ।

बेहरुट– (पेज १४) भूमध्यसागरको पूर्वी तटमा अवस्थित प्राचीन नगर, लेवनानको राजधानी (जनसङ्ख्या ७–८ लाख) ।

बैराम (पेज १३) (अर्को नाम : ईद) – इस्लाम धर्मावलम्बीहरूको एक प्रमुख उत्सव जुन रमाजान महीनाभरि सम्पन्न गरिने व्रतोपवासको समापन अथवा मक्कामा गरिने हज तीर्थयात्राको समाप्तिको सन्दर्भमा ३–४ दिनसम्म धूमधामका साथ मनाइन्छ । इब्राहिमको बलिपूजाको स्मरणगर्दै मुसलमानहरू यस उत्सवको उपलक्ष्यमा भेडा (अरब देशहरूमा त ऊँट समेत) बलि चढाउँछन् र भोज खान्छन् । यस उत्सवको समयमा नयाँ लुगा लगाउने, पुर्खाहरूको चिहानमा जाने, दीन-दुःखीहरूलाई दान दिने, एक-अर्कालाई उपहार प्रदान गर्ने र इष्टमित्रहरूकहाँ पाहुना बस्न जाने चलन छ ।

महमूद (पेज २६) (अर्को नाम : मुहम्मद – इ. सं अन्दाजी ५७०-६३२) – इस्लाम धर्मका प्रवर्तक, अल्लाहका दूत जसको माध्यमबाट कुरानग्रन्थका उक्तिहरू मानिसहरूलाई प्रदान गरिएको थियो भन्ने धारणा छ ।

मर्सिडेस– (पेज ४४) मोटरगाडीको मार्का ।

मास्को (पेज ४६,५०) (रूसी मस्कभा) – रूसको युरोपेली भागमा ओका र भोल्गा नदीको बीचमा बग्ने मास्को नदीको किनारामा समुद्रतटबाट सरदर १२० मिटरको अग्लाइमा अवस्थित रूसको राजधानी (जनसङ्ख्या ८५ लाख) । मास्को महानगरको वरिपरि बनेको चक्रपथलाई सन् १९६१मा रूसको राजधानीको सीमा तोकिएको थियो र हाल उद्यान चक्रपथभित्र पर्ने मास्कोको केन्द्र वरिपरि आठै दिशामा आठवटा र नयाँ चक्रपथबाहिर पर्ने जेलनोग्रादक्षेत्रलाई समेत समाविष्ट गरी रूसको राजधानी १० प्रशासकीय एकाइमा विभक्त छ र यसको आधारमा मास्कोलाई प्रतीकात्मक रूपमा अष्टपत्र कमलको रूपमा कल्पना गर्न सकिन्छ । सन् ११४७ मा सुज्दालका राजा यूरी दोल्गोरुकी र नोभगोरोदका राजा स्भ्यातोस्लाभ ओल्गोभिचको भेटघाट भएको ठाउँमा मास्को नगरको विकास भयो र त्यो घटना नै

मास्कोको स्थापनाको वर्ष मानिएको छ । सन १६५४ मा यस नगरको संस्थापकको रूपमा यूरी दोल्गोरुकीको सालिक नगरको केन्द्रमा स्थापना गरियो ।

मोनालिजा (पेज ११, १२) (तथाकथित जोकोन्डा) – फ्लोरेन्स-नजीकै भिन्ची भन्ने ठाउँमा जन्मेका विश्वविख्यात चित्रकार लेओनार्डो–दा-भिन्ची (इ. सं. १५०३) जसमा प्राकृतिक दृश्यको व्यापक पृष्ठभूमिमा नारीत्वको आदर्श रूप मानिने सम्पन्न महिलाको मुहार अङ्कित छ । यो चित्रपट पेरिसको लुभ्र सङ्ग्रहालयमा राखिएको छ ।

यातागान– (पेज ११, १२) दागेस्तानी महावीर ओस्कालले भिरेको खड्ग जुन दागेस्तानीहरू (नेपालीले खुकुरी भिरेझैं) कमरपेटीमा घुसार्दछन् ।

रवीन्द्रनाथ ठाकुर (पेज ५२) ठाकुर (इ. सं. १८६१-१९४१) – गीताञ्जलि (इ. सं. १९१२) काव्यकृतिका लागि नोवल-पुरस्कार प्राप्त गर्ने मुख्यत: बङ्गालीभाषामा साहित्यिक कृतिहरूको रचना गर्ने विश्व-विख्यात भारतीय साहित्यकार !

रासुल– (पेज १९, ५५) दागेस्तानी जनकवि गाम्जात त्सादातका सुपुत्र रासुल गाम्जातोभ (जन्म: ८ सेप्टेम्बर, इ. सं. १९२३) ।

रेरिख निकोलाइ, (पेज ५२) कन्सतान्तिनोभिच (इ. सं. १८७४-१९४७) – प्रसिद्ध रसियाली चित्रकार, पुरातत्त्वविद्, नृवँशविद्, बौद्ध दर्शनका ज्ञाता । उनले आफ्नी पत्नी एलेना र पुत्र यूरीको साथमा सिक्किम, काश्मीर, हिमालय, काराकोरम, तारीम उपत्यका हुँदै भारतवाट साइबेरिया-सम्म र तिब्बत हुँदै मङ्गोलियाबाट भारतसम्मको अनुसन्धान भ्रमण सम्पन्न गरेका थिए । तत्कालीन राणा शासकहरूबाट उनले नेपालको भूमिमा टेक्ने चाहि अनुमति पाउन सकेनन्, यद्यपि हिमालयको चित्रण नै उनको कृतित्वको एक प्रमुख उपलब्धि हो । सन् १९१८ देखि विदेशिएका रेरिख सन् १९२३ देखि आंशिक रूपमा र सन् १९३६ देखि स्थायी रूपमा भारतमा रहन थाले । उनको समाधि भारतको पन्जाव राज्यमा पर्ने कुलु उपत्यकामा रहेको छ र उनको देहान्तपछि उनका चार सयभन्दा बढी कलाकृतिहरू रूसको सङ्ग्रहालयलाई हस्तान्तरित गरिएको छ ।

शमिल, (पेज ४६) इमाम (शासनकाल : इ.सं. १८३४-१८५९) – जारशाही औपनिवेशिक नीतिको विरुद्ध क.केसियाली जनताको सङ्घर्षको क्रममा दागेस्तान र चेच्न्याको भूभागमा इशाको उन्नाइसौं शताब्दीको प्रथम चरणको अन्ततिर अस्तित्वमा आएको इमामात (इस्लाम राज्य) का प्रसिद्ध धार्मिक नेता एवं शासक जसले रसियाली सेनाको विरुद्ध सङ्घर्षको नेतृत्व गरेका थिए ।

सगरमाथा– (पेज ५२) हेर्नुस् एभरेष्ट ।

हिरोसिमा– (पेज ४०) होन्स्यूद्वीपको दक्षिण-पश्चिम भागमा अवस्थित जापानको एक जिल्लाको प्रशासकीय केन्द्र । ओता नदीको डेल्टामा सन् १५९१ मा निर्मित राजा मोरीको किल्लाको आसपास देखा परेको यस विशाल औद्योगिक नगरमा नै सन् १९४५ को ६ अगस्तका दिन अमेरिकी अणुबमको प्रथम प्रहार भएको थियो । यसद्वारा नगरको ठूलो हिस्सा ध्वस्त हुनुका साथै १ लाख ४० हजारभन्दा बढी मानिस मरेका र घाइते भएका थिए । वास्तुकलाविद् ताङ्गेको प्रोजेक्टअनुसार हिरोसिमामा शान्ति स्मारक केन्द्रको निर्माण (इ. सं. १९४९-१९५६) गरिएको छ र यस नगरमा सन् १९५९ देखि नाभिकीय अस्त्रविरुद्ध सङ्घर्षकर्ताहरूका अन्तरराष्ट्रिय सम्मेलनहरू सम्पन्न गरिंदै छन् ।

हुन्जाहा– (पेज ११) दागेस्तानको बोगोस्की पर्वतशृङ्खलाको काखमा अवस्थित एउटा पहाडी बस्ती ।